ABHIYAN WEEKLY-2040
राष्ट्र, राष्ट्रियता र राष्ट्रिय अखण्डताका लागि
अभियान साप्ताहिक-२०४० काठमाडौं

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४२ / अंक : ४२ / २०८२ जेठ २३ गते शुक्रबार / नेपाल सम्वत ११४५ / June. 6, 2025 / मूल्य रु. १०/-

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## दलहरूकै कारण गणतन्त्रमाथि प्रश्न उठ्यो

काठमाडौं । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले राजनीतिक दलको नेतृत्वमा लामो समयदेखि एउटै व्यक्ति रहँदा गणतन्त्रमा प्रश्न उठेको बताएका छन् । नागरिक अगुवाहरूले समेत त्यस्तै बताउँदै आएका छन् । तर प्रश्न उठाउने नागरिक समाजका अगुवा भनेका को हुन् ? उनीहरू नागरिक समाजको अगुवा हुन सक्दैन नागरिक समाजका अगुवा हुनु कुनै पार्टीमा संलग्न नभएका निष्पक्ष भूमिका निभाउन सक्ने व्यक्ति हुनुपर्ने विश्वव्यापी मान्यता रहेको छ ।

अहिले मुलुक दुई धारमा बाँडिएको छ । एक धारमा सत्तामा बसेका र सत्तालाई नै सबै कुरा देख्नेहरू रहेका छन् उनीहरू गणतन्त्रवादी हुन् भन्ने अर्को धारमा राजावादीहरू रहेका छन् । राजावादीहरूले आन्दोलन गरिरहेका छन् । तर गणतन्त्रवादीहरूले

>>> बाँकी ८ पेजमा

# गृहमन्त्रीलाई देखाएर कांग्रेस-एमालेको गठबन्धन तोड्ने प्रयासमा दाहाल

## मुख्यसचिवमाथि मुद्दा चल्दा प्रधानमन्त्री दाहालले राजिनामा दिए त ?

काठमाडौं । भिजिट भिसा प्रकरणमा जोडिएका गृहमन्त्री रमेश लेखकको राजिनामाको माग गर्दै संघीय संसदको प्रमुख विपक्षी दल माओवादी केन्द्र सहितका अन्य विपक्षी दलहरूले संसदको नियमित काममा अवरोध पुर्‍याउँदै आएका छन् । विपक्षी दलहरूले गृहमन्त्री लेखकको निजी सचिवालयका कर्मचारीहरू नै पहिला पनि भ्रष्टाचारमा संलग्न भईसकेका र हाल भिजिट भिसा प्रकरणमा समेत संलग्न भएका हुनाले त्यसको जानकारी गृहमन्त्री लेखकलाई नहुने कुरै हुँदैन भन्दै लेखकको राजिनामा र उच्चस्तरीय छानविन समिति बनाउनुपर्ने माग गर्दै आएका छन् ।



गृहमन्त्री लेखकले केही दिन पहिला पत्रकार समेलन गर्दै कर्मचारीहरूले गरेको बद्‍मासीको मन्त्रीले जिम्मा लिन नसक्ने अभिव्यक्ति दिएका थिए भने नेपाली कांग्रेसको पदाधिकारीको बैठकले समेत गृहन्त्रीले राजिनामा दिनु नपर्ने ठहर गरेको थियो । तर असार १७ गते कांग्रेस-एमालेबीचमा भएको ७ बुँदे सहमति अनुसार संविधान संशोधन गर्ने र भ्रष्टाचार नियन्त्रण गर्ने सहमति भएको थियो । तर केपी ओली नेतृत्वको संयुक्त सरकार गठन भएको ११ महिना पुरा हुन लाग्दा समेत नत संविधान संशोधनको कार्य अघि बढेको छ नत भ्रष्टाचार नियन्त्रण गर्नका लागि कुनै ठोस कदम नै चालिएको छ ।

भिजिट भिसा ठगी काण्ड अहिलेमात्र भएको होइन । विभिन्न समयमा त्यस विषयमा समाचारहरू प्रकाशित र प्रसारित हुँदै आएका भएपनि त्यस विषयमा सरकारले कहिल्यै सो विषयलाई गम्भीर रूपमा नलिएको र गृहमन्त्रीहरूकै सरंक्षणमा त्यस्तो ठगी काण्ड हुने गरेका समाचारहरू प्रकाशित हुँदै आएका छन् ।

कांग्रेस-एमालेको संयुक्त सरकारले भने कर्मचारीले गरेको बद्‍मासीको दोष मन्त्रीलाई दिनु नहुने भन्दै दोषी देखिएका कर्मचारीहरू विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको भन्दै विपक्षी दलहरूले संसद अवरूद्ध गरी संसदको काम कारबाही राख्नु नहुने उद्घोष गर्दै गृहमन्त्री लेखकले राजिनामा दिनुपर्ने अडान कायम राखेका छन् । विपक्षी दलहरूका अनुसार २०६४ सालपछि गृहमन्त्री बनेका सबै व्यक्तिहरूका विषयमा अनुसन्धान गर्न छानविन समिति बनाउनुपर्ने

>>> बाँकी ८ पेजमा

## यसकारण गणतन्त्रमाथि प्रश्न

काठमाडौं । राजसंस्थाको माग गर्दै सडकमा आन्दोलन भइरहेको बेला आफूहरूलाई स्वघोषित नागरिक समाजका अगुवा बताउने विभिन्न राजनीतिक दलसँग सम्बन्ध भएका व्यक्तिहरूले राजनीतिक दलको नेतृत्वमा लामो समयदेखि एउटै अनुहार रहँदा गणतन्त्रमा प्रश्न उठेको बताउँदै आएका छन् ।

मुलुकका ठुला भनिएका दलहरू नेपाली कांग्रेस-नेकपा एमाले र माओवादी केन्द्रमा लामो समयदेखि एउटै व्यक्तिले दलको नेतृत्व गरिरहेका र तिनै व्यक्ति पटक पटक मुलुकको प्रधानमन्त्री बनेका भएपनि जनताको हितमा कुनै काम गर्न नसकेको कारणले गणतन्त्रमा प्रश्न उठेको हो भने केही व्यक्तिहरूको भनाईमा केही सत्यता रहेपनि त्यस्तो अभिव्यक्ति दिने व्यक्तिलाई कसले नागरिक समाजको अगुवा घोषणा गऱ्यो भनेर प्रश्न उठेको छ ।

>>> बाँकी ८ पेजमा

## निषेधाज्ञाले समस्याको समाधान हुन सक्दैन

काठमाडौं । नेपालको संविधानले विना हतियार भेला भएर विरोध प्रदर्शन गर्न पाउने अधिकार सुरक्षित गरेको छ । तर सरकारले काठमाडौं क्षेत्रका तीन स्थान सिफल, कोटेश्वर र बल्खुबाहेकका सबै क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेर संविधानको उल्लंघन गरेको छ । राजावादीहरूले गत चैत्र १५ गते काठमाडौंको तिनकुनेमा गरेको विरोध प्रर्दशनमा भएको तोडफोड र २ जना व्यक्तिको निधन पश्चात् निषेधित क्षेत्र तोक्दै आएकोमा राजावादीहरूले जेठ १५ गते देखि गर्दै आएको विरोध प्रर्दशनलाई रोक्न बल्खु, कोटेश्वर र सिफल बाहेकका अन्य सबै क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको छ ।

जनआन्दोलन समिति, राप्रपा, राप्रपा नेपाल लगायत

>>> बाँकी ८ पेजमा

## ओलीकै पालमा सिन्डिको अन्त्य, उनैको पालामा फेरि ब्यूँताइयो

काठमाडौं । नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त केपी ओली नेतृत्वको सरकारले ७ वर्ष अघि नै केपी ओली नेतृत्वको सरकारले नै सार्वजनिक यातायात सिन्डिकेटको अन्त्य गरेका घोषणा गरेको थियो । तर यातायात व्यवसायीहरूले सिन्डिकेट कायम राख्नुपर्ने भन्दै आन्दोलन गरे यातायात बन्द गरेपछि ओली नेतृत्वकै सरकारले फेरी आफैंले बन्द गरेको सिन्डिकेट ब्यूँताउने निर्णय गरेको छ । यो विषयमा झण्डै दुई तिहाईको सरकारलाई यातायात व्यावसायीहरूले घुँडा टेकाएका छन् ।

यातायात व्यवसायीहरूले जेष्ठ १९ गते देखि मुलुकभर यातायात बन्द गरेर सिन्डिकेट कायम गराउने गरी सरकारलाई हाले गण्डकी प्रदेश सरकारले राइड सेयरिङ नियमावली जारी गरेकोमा यातायात व्यवसायीहरूले सो नियमावली खारेज गर्नपर्ने माग राखेका थिए । आफ्ना माग पूरा नभएसम्म सार्वजनिक यातायात नचलाउने उनीहरूको अडानले गर्दा सरकारलाई अप्ठ्यारो परेको थियो । सरकार र सिन्डिकेट पक्षधर व्यावसायी सम्मिलित कार्यदलले जेष्ठ १९ गते मध्यरातमा छलफल गरी राइड सेयरिङ नियमावली स्थगित गर्न गण्डकी प्रदेश सरकारलाई पत्राचार गर्ने सहमति गरेको छ । यो सहमतिले गर्दा सिन्डिकेट फेरी ब्यूँताइएको छ ।

सो सहमति अनुसार प्रधानमन्त्री कार्यालयले

>>> बाँकी ८ पेजमा

## दाहाललाई प्रश्न सोध्दा कुटाई खानुपर्ने ?

काठमाडौं । माओवादी केन्द्रका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहालले राजावादीहरू अराजक हुँदै गएको आरोप लगाएका छन् । राजावादीहरू अराजक हुँदै गएकाले इटको जवाफ पत्थरले दिन उनले आफ्ना कार्यकर्ताहरूलाई निर्देशन समेत दिएका छन् । गत आइतबार काठमाडौंमा पार्टीको भातृ संगठन वाइसियलको तेस्रो राष्ट्रिय समेलनको उद्घाटन गर्दै अध्यक्ष दाहालले राजावादीहरूले उदण्डता देखाउन थालेको भन्दै उनीहरूलाई नछोड्न वाइसिएललाई निर्देशन दिएका छन् ।



सो अवसरमा अध्यक्ष दाहालले राजावादीहरूले पैसा थुपारेर राखेकाले आन्दोलन गर्न भाडामा मान्छे ल्याएर सडकमा अनावश्यक उफार्ने गरेको बताउँदै राजावादीहरूले कताबाट पैसा ल्याएका हुन्, आफैंपनि थुपारे होला, त्यही पैसाका बलमा भाडाका मान्छे ल्याउने छाडा बनाउने र जाँड खुवाएर उफारेको र उदण्डता देखाएको आरोप लगाएका छन् ।

राजावादी आए ईँटको जवाफ पत्थरले दिन वाइसियललाई निर्देशन दिएका हुनाले पुष्पकमल दाहाल कति डराएका रहेछन् भन्ने प्रष्ट भएको छ । माओवादी केन्द्रको विगत ४० वर्षदेखि अध्यक्ष रहेका र तीन पटक मुलुकको प्रधानमन्त्री समेत रहिसकेका व्यक्तिले गैर राजनीतिक चरित्र प्रदर्शन गर्दै अनावश्यक रूपमा आरोप लगाउनु र राजावादीहरूलाई तह लगाउन आफ्नो पार्टीका भातृ संगठन वाइसियलका कार्यकर्ताहरूलाई निर्देशन दिनुले उनी के चाहान्छन् भन्ने प्रष्ट भएको छ ।

>>> बाँकी ८ पेजमा

# शेखर र गगन मिले संस्थापन पक्षलाई धक्का लाग्ने

काठमाडौं । लामो समयपछि नेपाली कांग्रेसका इतर पक्षका नेता शेखर कोइराला र पार्टीका महामन्त्री मध्येका एक गगन थापा एउटै टेबलमा बसेर छलफल गरेपछि नेपाली कांग्रेसमा नयाँ तरङ्ग उत्पन्न भएको छ । स्मरण रहोस् कोइराला र थापा कांग्रेसको १४ औं महाधिवेशनमा एउटै प्यानलबाट कोइराला सभापति र थापा महामन्त्रीमा उम्मेदवार बनेका थिए । सो महाधिवेशनमा कोइराला कांग्रेस सभापति शेरबहादुर देउवासँग पराजित भएका थिए भने थापा महामन्त्रीमा विजयी भएका थिए । अहिले कोइराला थापाबीचमा केही मुद्दामा फाटो आएको जस्तो देखिएको छ ।

कोइराला र थापा झण्डै ११ महिनादेखि भेटघाटमा थिएनन् । कांग्रेसको विधान





अनुसार सभापति देउवा अब हुने कांग्रेसको १५ औं महाधिवेशनमा सभापतिका उम्मेदवार बन्न नपाउने भएका छन् । त्यही कारणले कांग्रेसको इतर पक्षबाट १५ औं महाधिवेशनमा पनि कोइराला सभापतिको उम्मेदवारको निश्चित प्राय भएको छ ।

कांग्रेसको महाधिवेशन २०८२ को अन्त्य सम्ममा हुनुपर्ने व्यवस्था रहेको भएपनि विधानमै एक वर्षको समय थप्न सकिने व्यवस्था रहेकाले गर्दा २०८२ भित्रै महाधिवेशन हुन सक्ने सम्भावना न्यून देखिएको छ । तर अहिले देखि नै सभापतिको उम्मेदवारहरूको ताती लागेको छ । इतर पक्षबाट कोइराला मात्र सभापतिको उम्मेदवार रहेको खण्डमा

>>> बाँकी ८ पेजमा

## अलपत्र आधारभूत अस्पताल साउनबाटे सञ्चालनमा ल्याइने

काठमाडौं । श्रोत अभावका कारण सञ्चालनमा आउन नसकेका आधारभूत अस्पतालहरू आगामी साउन महिनाबाटै सञ्चालनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले तयारी अघि बढाएका छन् । निर्माण सम्पन्न भएर पनि सञ्चालनमा आउन नसकेका तथा पूर्ण क्षमतामा चल्न नसकेका यस्ता अस्पतालको संख्या ५७ छ । नयाँ आर्थिक वर्षमा समेत थप यस्ता अस्पताल निर्माणको योजना छ ।

मापदण्डमा समेत अभाव देखिएकाले पाँच, १० तथा १५ शैयाा क्षमताका स्थानीय तहमा निर्मित अस्पतालहरू सञ्चालनका मन्त्री पौडेलले सक्रियता देखाएका थिए । हाल मन्त्रालयले आधारभूत अस्पताल सञ्चालन मापदण्ड

>>> बाँकी ८ पेजमा

# Nuclear arsenal safety

**Nomeen Kassi**



The two nuclear rivals, India and Pakistan, have just ended their worst military conflict in nearly three decades. The conflict began after India's false flag operation in Pahalgam that killed 26 people. India accused the terrorist attack of being backed by Pakistan in Indian occupied Kashmir. In the face of Pakistan's denial of the allegations, India struck what it called "terrorist camps" in Pakistan in retaliation for an attack it falsely accused Pakistan of. This led to four days of intense drone, missile, and artillery exchanges, leaving nearly 70 people, including dozens of civilians, dead on both sides. India had a worse defeat before the ceasefire was called by the USA. However, after such a clash and defeat, India's defence minister, Rajnath Singh, opted for a very blatant statement regarding Pakistan's nuclear arsenal.

On May 15, Singh said that the "International Atomic Energy Agency (IAEA) should take charge of Pakistan's nuclear weapons". This statement comes after India's disgraceful defeat in the dogfight against Pakistan's air force. He further added that "I wanted to raise this question for the world: are nuclear weapons safe in the hands of a rogue and irresponsible nation?" Additionally, this statement was made at a time when the situation was very sensitive between the two nuclear rivals. On the other hand, the ceasefire agreement has not yet been processed, with constant delays. Similarly, blatant statements from Indian leaders are making the situation worse, such as the one by Singh.

Pakistan strongly condemned India's remarks on Pakistan's nuclear arsenal. Additionally, in response to the Indian minister's comments, Pakistan's Ministry of Foreign Affairs spokesperson Shafqat Ali Khan said that "These irresponsible remarks reveal his profound insecurity and frustration regarding Pakistan's effective defense and deterrence against Indian aggression through conventional means. Pakistan's conventional capabilities are adequate to deter India, without the self-imposed 'nuclear blackmail' that New Delhi suffers. It is to be noted that Pakistan has repeatedly expressed concerns over the continued "provocative and inflammatory remarks by Indian leadership, as a threat to the fragile regional peace".

In reply to Singh's question, the MoFA spokesperson raised questions on India's involvement in "repeated theft" and "illicit trafficking incidents" involving nuclear and radioactive material in India. He thinks that the IAEA and the international community should be worried about that instead. In return, he probed the measures taken by New Delhi "for the safety and security of nuclear and other radioactive material."

In the past, there have been several mishaps on India's account showing its poor safety standards in nuclear energy. The spokesman cited certain incidents to remind India of their standing regarding the safety of nuclear energy. Citing these incidents, he recalled, just last year, five individuals with a radioactive device reported as allegedly stolen from the Bhabha Atomic Research Centre (BARC) were found in Dehradun, India. Likewise, a gang of individuals was found in illegal possession of a highly radioactive and toxic substance, californium, worth $100 million. Three incidents of theft of californium were also reported in 2021. In addition to the ones not cited, there is an endless list of incidents dating since 1994 when the first recorded incident of nuclear smuggling in India took place.

To list a few incidents, in June 1998, Police arrested a politician in the Indian state of West Bengal, who they said was carrying more than 100 kg of uranium. On 5 May 2021, more than seven kgs of Uranium were seized in the Indian state of Maharashtra, possessed by unauthorized people. Similarly, on 3 June 2021, Indian security agencies arrested seven unauthorized people and seized 6.4 kg of uranium from their possession. As per Indian Government officials, in 2013, guerrilla fighters in northeast India illegally obtained uranium ore from a government-run milling complex in northeast India and strapped it to high explosives to make a crude bomb before being caught by police. The list is very long.

India claims to be a responsible nuclear weapon state, but repetitive incidents of theft validate that nuclear material in India is unsafe. For India, it is important to secure nuclear material at home instead of commenting blatantly regarding Pakistan's nuclear arsenal.

Such incidents in India show that nuclear arsenals in India are unsafe and not under proper watch. Shafaqat Ali Khan also expressed concerns regarding the black market in India. He stated that "These incidents also suggest the existence of a black market for sensitive, dual-use materials inside India". He added that "Pakistan urges a thorough investigation of these incidents" and "calls upon India to ensure the safety and security of its nuclear facilities and arsenal."

The cumulative incidents of nuclear trafficking in India have set alarms across the world. Such disturbing developments in India regarding their nuclear arsenals make India in no position to question Pakistan's nuclear capabilities and call it a rogue state. One should focus on one's safety first rather than start a blame game. India has always been involved in the blame game and false flag operations concerning Pakistan. That is all India always does.

The MoFA also criticized Singh's remarks as "ignorant of the mandate and responsibilities" of the IAEA, tasked with verifying that nuclear programmes remain peaceful. India's civilian nuclear facilities are subject to the IAEA safeguards under a 2008 agreement, but its strategic programme is not. A leading US non-proliferation watchdog, the Nuclear Threat Initiative, has a nuclear security index that gave India a low ranking for its poor safety and security of nuclear material. This position has not changed since 2020. It has categorized Pakistan as the "most improved country" in the ranking for countries with weapons-usable nuclear materials.

India claims to be a responsible nuclear weapon state, but repetitive incidents of theft validate that nuclear material in India is unsafe. For India, it is important to secure nuclear material at home instead of commenting blatantly regarding Pakistan's nuclear arsenal.

# भारतीय राजदूतसहितको टोलीले गर्‍यो राहुघाट जलविद्युत् आयोजनाको निरीक्षण



काठमाडौं । नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीका रूपमा रहेको रघुगंगा हाइड्रोपावर लिमिटेडले निर्माण गरिरहेको म्याग्दीमा अवस्थित ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत आयोजनाको नेपाल विद्यत प्राधिकरणका कार्यकारी निर्देशकसहित ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव तथा नेपालका लागि भारतीय राजदुत र अन्य उच्च पदस्थ अधिकारीहरूले स्थलगत निरिक्षण गरि आयोजनाको कार्य प्रगति एवं निर्माण कार्यको बारेमा जानकारी लिएका छन् ।

कुल अनुमानित लागत ९ अर्ब १७ करोड २६ लाख रहेको आयोजनामा एक्जीम बैंक अफ इन्डीयाबाट ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋणका रूपमा प्राप्त गरी कार्य अगाढी बढाइएको छ । बाँकी रकम नेपाल सरकार तथा नेपाल विद्युत प्राधिकरणले संयुक्त रूपमा लगानी गर्ने बताइएको छ । आब २०८२/८३ को पौष सम्ममा आयोजना सम्पन्न गर्ने लक्ष्य रहेकाले सो अनुसारको कार्यप्रगति, कार्यस्थलको अवस्था, साइटमा कार्य गर्दा आइपरेको समस्याहरू तथा तोकिएको समयमा कार्य सम्पन्न गर्नका लागि गर्नुपर्ने सहजीकरणका बारेमा आयोजना निर्माणस्थलमा नै छलफल तथा अन्तरक्रिया गरिएको छ ।

आयोजनाको निर्माण कार्यलाई सिभिल तथा हाइड्रो-मेकानिकल कार्य, र इलेक्ट्रो-मेकानिकल कार्य गरि दुईवटा लटमा विभाजित गरिएको छ । यस आयोजनाको लट-१ सिभिल तथा हाईड्रोमेकानिकल कार्यको लागि ठेकेदार जैप्रकाश एसोसिएयट लिमिटेड इन्डीयासँग ठेक्का सम्झौता भई हाल कार्य भइरहेको छ । सिभिल कार्यअन्तर्गत बाँध, इन्टेक, डिस्याण्डर, टनेल, सर्ज शाफ्ट, प्रेसर शाफ्ट, विद्युतगृह लगायतका कार्यहरू समावेश छन् । हालसम्म सिभिल कार्यअन्तर्गत करिब ८१ प्रतिशत भौतिक प्रगति भएको छ । यस आयोजनाको लट-२ इलेक्ट्रोमेकानिकल कार्यको लागि ठेकेदार भारत हेभी इलेक्ट्रीकल लिमिटेड, इन्डीयासँग खरिद सम्झौता भई इलेक्ट्रोमेकानिकल सम्बन्धी कार्य भइ रहेको छ । इलेक्ट्रोमेकानिकल लटअन्तर्गत टर्बाइन, जेनेरेटर, गभर्नर, ट्रान्सफर्मरलगायतका उपकरणहरू आपूर्ति तथा जडान कार्य भइ रहेको छ । हालसम्म इलेक्ट्रोमेकानिकल कार्यअन्तर्गत निर्माण व्यवसायीको प्लान्टमा भएको विभिन्न यन्त्र उपकरणहरूको निर्माण तथा सोको सफल इन्सपेक्सन, निर्माण स्थलमा भइ सकेको आपूर्तिको प्रगति र जडान भइ सकेको प्रगतिको आधारमा हाल सम्म इलेक्ट्रोमेकानिकल कार्यको प्रगति करिब ५० प्रतिशत रहेको बताइएको छ ।

आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रणालीमा प्रसारण गर्न दाना-कुस्मा २२० केभी प्रसारण लाइनमा लुप इन लुप आउट प्रणालीबाट प्रसारण गरिने छ र सो को कार्य सम्पन्न भइ सकेको छ । आयोजना सम्पन्न भएपछि ऊर्जा आपूर्तिको समस्या समाधानमा महत्वपूर्ण योगदान पुग्नुका साथै स्थानीय स्रोत साधनको सदुपयोग र राष्ट्रिय आर्थिक सामाजिक विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय
बबरमहल, काठमाण्डौ

सचिवालयबाट प्रदान हुने सेवाहरूको बारेमा सूचना

श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका, करार अवधिभित्र वा तोकिएको अवधिभित्र सम्मका लागि कामदार एवं कामदारको परिवारलाई बोर्डबाट देहाय बमोजिमका सेवा प्रदान गरिने जानकारी गराईन्छ ।

- कामदार विदेश वा नेपालमा समेत बिरामी वा अंगभंग भएका उपचारका लागि दश लाख रुपैयाँ आर्थिक सहायता ।
- कामदारका घरपरिवारका सदस्यलाई गम्भीर रोग लागेमा एक पटकका लागि ५० हजार रुपैयाँ सम्म औषधी उपचार सहयोग ।
- विदेशमा उद्दार तथा खोजतलासको समन्वय तथा स्वदेश फिर्ता ल्याउने एवं फौजदारी अभियोगका लागि कानूनी सहाएता आवश्यक परेमा कानुनि प्रतिरक्षा सहायता ।
- महिला कामदारले पूर्व-पुस्थान अभिमुखीकरण तालिम वापत तिर्नुपर्ने शुल्क सोधभर्ना ।
- विदेशमा कामदारको मृत्यु भएमा शव नेपाल झिकाउने एवं त्रिभुवन विमानस्थलबाट इच्छाईएको सडक पुग्ने स्थलसम्म निःशुल्क शव ढुवानी सेवा ।
- मृतक कामदारको नजिकको हकवालालाई १० लाखसम्म रुपैयाँ आर्थिक सहायता प्रदान ।
- पूर्ण आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता ।
- विदेशबाट फर्किएका रिटर्नी कामदारहरूलाई उद्यमशील बनाउने लगायत अन्य प्रवर्द्धनात्मक विभिन्न कार्यक्रमहरु ।

*उपरोक्त सेवा लिनका लागि सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र, आप्रवासी स्रोत केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालयमा भौतिक रुपमा वा विभिन्न माध्यमबाट सम्पर्क गर्न सकिनेछ ।*

**वेबसाईट : www.feb.gov.np http/shramadhan.moless.gov.np**
**इमेल : info@feb.gov.np; welfare@feb.gov.np**
**श्रमाधानल (कल सेन्टर): ११४१, १६६०१५०००५, इमो/भाइबर ९८०१८०००१३ (२४सै घण्टा टेलिमेडिसिन-इमो, भाइबर, हटस्एप बिहान १० देखि साँझ ६ बजेसम्म) ९८५१३४५७०१/७०२**

# नेपाल अर्को परिवर्तनको मोडमा पुग्यो



• राजन कार्की
rajan2012karki@yahoo.com

सांस्कृतिक क्रान्ति गरेर १९६० को दशकमा शिखरमा पुगेका नेता माओत्सेतुंगको एकतन्त्रबाद अन्ततः जनताका सामु घुँडा टेकेर झुक्यो । माओ विवेकी थिए यसकारण उनले जनताका सामु घुँडा टेकेर माफी मागेका थिए । जनताका सामु झुक्ने कहिल्यै सानो हुँदैनन् । इन्ड अफ दी हिस्टी एण्ड लास्ट किंग जुन नेताले पढेन, उ अबुझ हो । विवेकहीनलाई सुझाव र भैंसीलाई विणा उस्तै उस्तै हो ।

जनताका सामु झुकेकैले माओ पुजनीय बने । चीनका माओ र नेपालका महेन्द्रको मित्रता आज पनि ग्रेट हल अफ दि चाइनामा सबुत प्रमाणका रूपमा सम्मानित टाँगिएको छ । यो कुरा नेपालका वामपन्थीले कहिल्यै बुझेनन् ।

एकपल्ट त माओले भनेका पनि थिए, म के कम्युनिष्ट, असली व्यवहारमा त नेपालका राजा पो कम्युनिष्ट भनेका थिए । ती तिनै माओ थिए, जसले राजा महेन्द्रले दिएको टोपीलाई ससम्मान लगाएका थिए ।

ती माओवादी नेपालको सत्तामा छन् । पहिले मनमोहन अधिकारी थिए, उनको साख आज पनि जनतामा परेको छ । जनयुद्ध र जनआन्दोलनपछिका कम्युनिष्टहरू जनताका आँखामा परेका कसिंगर हुन् । सत्य के हो भने १८ वर्षको शासनकाल चटकेको जस्तो देखियो । लोकतन्त्रमा चटक देखाएर जनतालाई सधैं मूर्ख बनाउन सकिन्न । चटक हेर्दाहेर्दा परिवर्तनले उत्साहित लोकको उत्साह नेताहरूले सत्ताको पोखरीमा डुबुल्की मारेको देखेर समाप्त भइसकेको छ । नेता र पार्टीहरूको रिसोर्ट र रङ्गीन जीवनशैली, आमनागरिकमाथिको अन्यायले नागरिकमा आक्रोश बढ्दै गएको छ । पार्टीवालाहरू राजस्व लुटिरहने, भुइँमान्छे नाना, खाना र छानाको खोजीमा विदेश विदेश भौंतारिनुपर्ने कारणले नेतातन्त्र 'सराप' सिद्ध हुँदैगयो । न 'बुद्ध शान्ति' आयो, न लि क्वान यु समृद्धि ? मात्र अपराध मौलायो । अपराधको दुर्गन्ध अर्थात् लोकतन्त्रको गर्भगृहबाट इदिअमिन, ख्रुश्चेव वा चाउचेस्कुको अवतार जन्मियो । भ्रष्टाचार साह्रै गनायो ।

भ्रष्टाचारकै कारण नेपाल ग्रे लिष्टमा समेत परेको छ ।

१६९८ मा बिनाअपराध पाटका राजा भीम मल्ल मारिएपछि उनकी सतीले दिएको सरापबाट अझै नेपाली माटो मुक्त भइसकेको रहेनछ । त्यतिबेला ६ प्रधान थिए, जसको षडयन्त्रको कोपभाजनमा राजा भीम मल्लले मारिनुपर्‍यो ।

वर्तमान कालखण्डमा ३ ठूला दल र ३ नेता छन्, जसको कोपभाजनमा राजतन्त्र र हिन्दुराष्ट्र समाप्त पारियो । भ्रष्टाचार र अपराधका कारण देश असफल हुनपुगेको छ ।

यथार्थमा मुलुक १९७५ को सिक्किमभन्दा पनि खतरनाक मोडमा पुगिसकेको छ । त्यो मोड युक्रेन हो । युक्रेनको नियतिबाट बचाउने राजनेता वर्तमान नेपालको आवश्यकता हो । यही आवश्यकताको संचेतना हो हर्क राई, बालेन्द्र साह र गोपाल हमालहरू । र, अहिले भइरहेको सडक आन्दोलन ।

नेपाल बनाउने, न्यायपूर्ण नेपाल बनाउने, समानतापूर्ण नेपाल निर्माण गर्ने खाका कतैबाट आएन । अन्याय, अत्याचार, हिंसा, बलात्कार, हत्या, भ्रष्टाचार समाचारदेखि महालेखाको रिपोर्टसम्ममा उल्लेख भयो तर अदालतमा समेत राजनीतिकरण भएपछि कसैमाथि कारवाही भएन । शासन सत्तामा अपराधकिो बोलवाला बढेको छ ।

२०६३ मा राजतन्त्रलाई पराजीत गरेर सत्तासीन बन्न सफल भएका नेपोलियनहरू ०८२ मा आइपुग्दा जनताको नजरमा आलोचित छन् । इतिहास साक्षी छ- नेपोलियन आफ्नै अहंकार र बढी आत्मविश्वासका कारणले वाटर लूको युध्दमा पराजीत हुनुपर्‍यो । उनी वीर थिए, उनले वीरताको सम्मान त पाए तर उनी सेन्ट हेलेनाको टापुको खोरमा खुम्चिनुपर्‍यो । नेपोलियनले सेन्ट हेलेनाको टापुमा बन्दी जीवन बिताउनु परेपछि छोरालाई चिठी लेखे : छोरा, समयलाई चिनेर अघि बढ्नु । मेरा पालामा बन्दूकले सबैलाई बसमा राख्न सकिन्थ्यो । अब समय परिवर्तन भएको छ । तिमीले मानिसको मन, बिचार र भावनालाई परिवर्तन गरेर उनीहरूलाई बसमा पार्ने प्रयास गर्नु ।

लोकतान्त्रिक गणतन्त्रका अगुवाहरू जनताको विचार र भावनामाथि बाहुबली दमन गरेर अघि बढिरहेका छ्न ।

दमनकारीबारे इतिहासकार भन्छन् : जनतामाथि निरंकूशता लाद्ने ख्रुस्चेवलाई जनताले नून खानीमा लखेटे । महासर्वसत्तावादी स्टालीन आफ्ना तीनजना अति विश्वासपात्रको हातबाट मारिनुपर्‍यो । मानवताको इतिहासमा कलंकित व्यक्तित्व हिटलरले आत्महत्या गर्नुपर्‍यो । विरोधीको टाउको काटेर फुटबल खेल्ने र विरोधीको मुटु कलेजोको भुटुवा स्वाद मानीमानी खाने इदी अमीन अन्ततः जनताव्दारा जंगल भाग्नुपर्‍यो । रोमनियाका चाउचेस्कु अर्का उदाहरण हुन्, जसको दरवारमा बाथरूमको पाइनसमेत सूनको थियो । त्यस्ता धनाध्ये, सौखिन, सामन्तलाई जनताले दरवारको बार्दलीबाटै फ्याँकीदिए । जनविश्वासमाथि घात, जनतामाथि शोषण र अतिसार जनताका लागि पाच्य हुँदैन भन्ने यी उदाहरण हुन् यी । हाम्रा नेताहरू भयभित छैनन् । आफ्ना लागि चिहान खनिरहेका छन्, सत्य यही हो ।

नेतृत्वमा चरित्र, सिद्धान्त, नीति, नैतिकता हो । यी सबै बुँदामा नेतृत्व चुकेको छ । नेतृत्व चुक्दा लोकतान्त्रिक गणतन्त्र नेतातन्त्रमा बरालिन पुग्यो । १८ वर्षमा नागरिक बालिग हुन्छन् । लोकतन्त्र पनि बालिग हुनुपर्ने हो । नेतृत्वले गणतन्त्रलाई बाँदरले नरिवल खेलाएझैं खेलाए । २०६३ सालको जनआन्दोलन, जनयुद्धको चमक खुइलियो । प्रत्येक नेता जनताको नजरको कसीमा घृणायोग्य बन्न पुगेका छन् ।

केही स्वतन्त्र उमेदवारले जितेका थिए, तिनले जनताको मन जित्ने प्रयास पनि गरेका हुन् । स्वतन्त्र उमेदवारलाई जसरी पनि राजनीतिक प्रतिस्पर्धाबाट हटाउनुपर्छ भन्ने मानसिकता बोकेका ठूला प्रजातान्त्रिक, लोकतान्त्रिक भनिएका कांग्रेस, माओवादी, एमालेले संविधानको दायरामा रहँदा पनि दिनुसम्मको झण्झट झमेला दिइरहेका छन् ।

राजनीतिक दल र नेताहरूले स्वार्थका लागि सिद्धान्त छाड्ने, लाभका लागि देशघात, जनघात गर्ने हो क्रम रोकिएन । जनताको आवाज, अपेक्षा सुन्न कुनै नेता वा दल तैयार भएनन् । यसको परिणति जनयुद्धको लक्ष्य, २०६३ को जनआन्दोलनको उद्देश्य, २०६५ को गणतन्त्रको भविष्य ०८२ साल आइपुग्दा ल्हासा हिडेको कुतीको बाटो हुनपुगेको छ । शान्ति, समानता र प्रगतिका जनअपेक्षा कता हरायो, हरायो ।

देखिनुपर्ने उत्साह थियो, देखियो नैरास्यता । भेटिनुपर्ने विकास थियो, नेता र तिनका कार्यकर्ताको मात्र अनुहार फेरियो । प्रतिक्षारत जनतालाई केही दिन सकेन । राष्ट्रिय नीति र जीवनलाई झन झन कमजोर पार्दै लग्यो । उत्तरी क्षिमेकी सशंकित भएर सशक्त हुँदै छिरेको छ, दक्षिणको छिमेकी कालापानी, लिपुलेकसमेत खाइसकेर युक्रेन बनादेंगे भनेर छिरेको छ । भूपरिबेष्ठित नेपाल भूराजनीतिक द्वन्द्वमा फस्दै असंलग्नबाट युक्रेनको पक्षमा उभिन पुग्यो । आफ्नो कूटनीतिक ओजन आफै घटायो । जो युक्रेनको पक्षमा खडा हुन्छ, ऊ रूसको शत्रुराष्ट्र हो भन्ने रूसको भनाइमा नेपाल चीनको पनि शत्रुराष्ट्र बन्न पुग्यो । असंलग्नतामा नेपाल रहेन ।

नेपाल परजीवी नियति भोग्नका लागि अभिशप्त हुँदैछ ।

बागमती महामारी किटाणु बोकेर बग्न बाध्य भएझैं लोकतन्त्र स्वर्ग हो, राजनीतिका बेइमान खेलाडीहरूले लोकतन्त्रलाई असफल बनाइदिए । महगो मूल्य चुकाउन देश र जनता बाध्य पारिएका छन् । गणतन्त्र भार भयो ।

योगी नरहरिनाथले भनेका थिए- छाता आफै ओढ्नुपर्छ, अर्कोलाई दियो भने उसैले ओढ्छ । राजा ज्ञानेन्द्रले छाता छोड्दा नेताहरूले ओढे । नेताहरूले माल पाएर चाल पाएनन्, ओढ्न सकेनन्, दिल्लीलाई दिए, उसैले ओढ्यो । संविधान जारी भएपछि र पछिल्ला घटनाक्रमले त नेपालको छाता पश्चिमाले ओढ्न थालेका छन् । नेता लोकतन्त्र बाँदरले नरिवल समातेजसरी समातेर बसेका छन् । जनता लोकतन्त्र कौवालाई बेल पाकेजस्तो हेरेर बसेका छन् । देश भ्रष्टहरूका लागि लखनौं लूटको अखडा बन्नपुग्यो ।

देशको भाग्य र भविष्य परिवर्तन गर्ने ली क्वान युजस्ता बलियो देशभक्ति भएका नेताहरू जन्मिएको देख्न पाइएन । जो जन्मिए, बाहुबली, भ्रष्टबली, नैतिकहीन, लोकलज्जा नभएकामात्र जन्मिए । राजकाजमा तिनकै रजगज छ । जनआन्दोलनमा जनताको जुन उत्साह थियो, त्यो कसरी मरिसकेछ भन्ने नतिजा अहिले सडकमा भइरहेको थरि थरिका आन्दोलन हो ।

मिसन ०८४ भनिएको छ, व्यवस्था फेरिएन भने यो मिसन ०८४ मा धेरै स्वतन्त्र, युवाहरूले चुनाव जित्नेछन् । यद्यपि प्रजातन्त्र फालिने छैन, संघीयता र गणतन्त्र पाखा लगाउन जनताले शक्ति देखाइरहेका छन् । भ्रष्ट शक्ति र जनशक्तिको शक्ति परीक्षण भइरहेको सडकमा देख्न सकिन्छ । नेपाल परिवर्तनको मोडमा पुग्यो ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ ।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

## आजसम्म भएका भ्रष्टाचारका सबै काण्डमा राजनीति नेतृत्व नै संलग्न

*राज्यलाई दिशानिर्देशन गर्ने मुख्य शक्ति राजनीतिक दलको नेता र पार्टीको नेतृत्वगर्ने व्यक्तिहरू नै हुन् । जबसम्म राजनीतिक नेतृत्वमा जनताप्रति जिम्मेवारीको बोध हुँदैन तबसम्म अराजनीति निरंकुशता हावी नै रहन्छ। जवाफदेहिता शुन्य हुन्छ त्यसको प्रतिछायाँ राज्यका सबै निकायमा पर्दछ। भ्रष्ट गैरजिम्मेवारबाट राजनीति नेतृत्वकै कारण राज्यका सबै संरचनाहरू भ्रष्ट र गैरजिम्मेवार हुन पुग्छन् । कर्मचारीतन्त्र, प्रहरी प्रशासन, न्यायालय, व्यापारिक क्षेत्र, सेवा प्रदायक निकाय यसैबाट प्रभावित हुन्छन् । त्यसैलै गर्दा जनता सडकमा आउन बाध्य हुन्छन् वा बाध्य पारिन्छ। खराब राजनीतिक संस्कार र संस्कृति नै प्रभावित हुने भएकाले गर्दा त्यसले गैर राजनीतिक संस्कारको विकास हुने र त्यसले गैरजिम्मेवार र नैतिकविहिन राजनीतिक परिपार्टीको सामाजिक आर्थिक रुपान्तरण हुन नसकेको खण्डमा जस्तोसुकै राजनीतिक अवस्था भएपनि त्यसले जनताको हितमा काम गर्न सक्दैन। जबसम्म राजनीतिक दल र त्यसको नेतृत्व जवाफदेही र जनताप्रति जिम्मेवार हुन सक्दैन तबसम्म मुलुकले विकासको गति लिन सक्दैन ।*

*पछिल्लो समयमा राजनीतिक नेतृत्व र नेता तथा कार्यकर्ताहरूमा जिम्मेवारबोध हुन छाडेको छ। नेताहरू भ्रष्टाचारमा संलग्न हुँदै आएका भएपनि उनीहरूलाई बचाउनका लागि राजनीतिक नेतृत्व र राज्य संरचना नै सक्रिय भएको अवस्था पछिल्लो समयमा देखिएको छ। जो भ्रष्टाचार संलग्न भएका छन् उनीहरूलाई  जनताले मान सम्मान दिनुपर्ने र उनीहरूलाई नै नेता भनिदिनुपर्ने अवस्था देखिएको छ। मुलुकमा भएका ठुला ठुला भ्रष्टाचारका काण्डमा तत्कालिन प्रधानमन्त्रीहरू, मन्त्रीहरू लगायत अन्य व्यक्ति संलग्न भएका समाचारहरू प्रकाशित र प्रसारित  भएपनि उनीहरूमाथि राजनीतिक संरक्षण गरिएकोले कुनै कारबाही हुन सकेको छैन ।*

*मुलुकमा भएका ठुला ठुला भ्रष्टाचारका काण्डहरूमा ललिता निवास जग्गा काण्ड, काभ्रेको पतञ्जलीलाई जग्गा खरिद र विक्रि गर्न दिने काण्ड, बाँसबारी छाला तथा जुत्ता काण्ड, नक्कली भुटानी शरणार्थी काण्ड, वाइडवडी जहाज काण्ड, बालमन्दिरको जग्गा काण्ड, ओम्नी काण्डलगायत अहिले भिजिट भिसा काण्ड सतहमा आएको छ। यी सबै काण्डमा राजनीतिज्ञहरूको संलग्नता रहेको प्रष्ट भैसकेको छ। भिजिट भिसा काण्ड अहिले मात्र नभएर तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारका गृहमन्त्री रहेका नारायणकाजी श्रेष्ठका पालामा पनि सतहमा आएको थियो । त्यसपछि गृहमन्त्री बनेका रवि लामिछानेका पालामा समेत त्यस विषयले प्राथमिकता पाएकै थियो । अहिले रमेश लेखक गृहमन्त्री रहेका बेला उक्त काण्डको भण्डाफोर भएको छ। यसरी काण्ड काण्डमा पूर्व र वर्तमान गृहमन्त्रीहरू संलग्न हुँदै आएका हुनाले अब यस विषयमा उच्चस्तरीय अनुसन्धान आयोग गठन गरी दोषी देखिएका व्यक्तिहरू जो सुकै भएपनि उनीहरूमाथि कानुनी कारबाही हुनु आवश्यक रहेको छ।*

*ललिता निवास जग्गा काण्डमा तत्कालिन प्रधानमन्त्रीद्वय माधव नेपाल र बाबुराम भट्टराई समेत संलग्न रहेका र अहिले उनीहरू दुवै आ आफ्नो पार्टीका अध्यक्ष रहेकाले गर्दा राजनीतिक फाइदाका लागि उनीहरूमाथि कानुनी कारबाही हुन सकेको छैन। त्यसैले उनीहरूले जनतालाई अर्ति दिंदै हिडेका छन् । भ्रष्टाचारको आरोप लागेका व्यक्तिहरूले त्यो आरोपबाट सफाई नपाउन्जेल राजनीति दलको महत्वपूर्ण पदमा बस्न नपाउने व्यवस्था गरिनुपर्ने आवश्यकता अहिले देखिएको छ। राजनीतिक फाइदाका लागि दलहरूले भ्रष्ट व्यक्तिलाई बचाउने र त्यस्ता व्यक्तिलाई कानुनी दायरामा नल्याउने गरेका हुनाले नै राजनीतिक दलहरूप्रति जनताको विश्वास घट्दै गएको र जनतामा निराशा बढेको अहिले प्रष्ट रुपमै देखिएको छ।*

*जबसम्म पानीको मुहान सफा हुँदैन तबसम्म धारामा आउनेपानी सफा हुन सक्दैन वा आउँदैन त्यसैले दलका नेताहरू चरित्रहीन् र भ्रष्टाचारमा संलगन भएका व्यक्तिहरू नै नेतृत्वमा रहने हो भने त्यस्तो राजनतिक दललाई जनताले नै अस्वीकार गरी नेतृत्वलाई अस्वीकार गर्न सक्नुपर्दछ। आफू भ्रष्टाचारमा संलग्न भएका समाचारहरू प्रकाशित र प्रसारित भएपछि त्यसको सत्यतथ्य बाहिर नआउन्जेल नेतृत्वले नेतृत्व छाड्नु पर्दछ। अहिले गृहमन्त्री रमेश लेखकमाथि भिजिट भिसा काण्ड लागेको छ। मन्त्रीले आफ्नो नेतृत्व गरेको मन्त्रालयका कर्मचारीको जिम्मेवारी नलिने अभिव्यक्ति दिनु र आफ्ना निजी सचिवालयका कर्मचारीहरूको समेत जिम्मेवारी लिन नसक्ने अभिव्यक्ति दिनु किमार्थ उचित हुन सक्दैन। त्यसैले सो आरोपको अनुसन्धानका लागि पद त्याग गरेर अनुसन्धानलाई सघाउनुपर्ने दायित्व मन्त्री लेखकको हो भन्ने हामीले ठानेका छौँ।*

# बजेटले कोरेको आर्थिक दिशा

सञ्जय आचार्य

संघीय सरकारका अर्थमन्त्रीद्वारा दुवै संसद्को संयुक्त बैठकमा गत साता आगामी आर्थिक वर्षका लागि झन्डै २० खर्ब रूपैयाँ नजिकको बजेट प्रस्तुत भयो । उक्त बजेट संसद्बाट पारित गर्ने प्रक्रियामा छन् ।

समग्रमा हाल मुलुकले भोगिरहेको न्यून र अस्थिर आर्थिक वृद्धि दर, न्यून बचत र पुँजी परिचालन क्षमता, विनियोजित पुँजीगत बजेट खर्च हुन नसक्नु, अनुत्पादक साधारण खर्च र बढ्दो वित्त व्यवस्थापन खर्च, समस्याग्रस्त वित्तीय क्षेत्र, आयात र निर्यातबीचको फराकिलो खाडल, न्यून वैदेशिक लगानी, युवा शक्तिको विदेश पलायनजस्ता समस्याहरूको सम्बोधनमा प्रस्तुत बजेट कति हदसम्म प्रभावकारी बन्न सक्छ, चर्चाको विषय बनेको छ ।

समग्रमा नेपाल न्यून आय र रोजगारी, न्यून गार्हस्थ्य बचत र लगानी हुँदै कमजोर आर्थिक वृद्धिको चक्रमा गुज्रिरहेको छ । बाह्य क्षेत्र सबल मानिए पनि यो घरेलु लगानी, उत्पादन, रोजगारी र निर्यातको कारणले नभई वैदेशिक रोजगारीले ल्याएको विप्रेषणले सबल बनेको हो । यसमा पनि धेरै सन्तोष गर्ने ठाउँ छैन । नेपाली अर्थतन्त्रको वर्तमान समस्या र तिनैको सेरोफेरोमा हालै प्रस्तुत बजेटले ल्याउन सक्ने सकारात्मक प्रभावहरू र चुनौतीहरू पनि छन् ।

आर्थिक वर्ष २०७५/७६ देखि नेपाली अर्थतन्त्रको गुरूत्व कृषि क्षेत्रबाट गैरकृषि क्षेत्रमा सरेर गएको देखिन्छ । त्यसपछिका वर्षहरूमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर गैरकृषि क्षेत्रको वृद्धिदरकै वरिपरि रहेको छ । गैरकृषि क्षेत्रको वृद्धि दर विश्लेषण गर्ने हो भने तीन प्रकारका आर्थिक गतिविधिहरूको वृद्धिदर अत्यन्त अस्थिर र कुनै आर्थिक वर्षहरूमा ऋणात्मकसम्म पुग्ने गरेको छ । यी तीन क्षेत्रहरू निर्माण व्यवसाय, उत्पादनशील उद्योग, र यातायात/भण्डारण रहेका छन् । यिनीहरूले कुल गैरकृषि गार्हस्थ्य उत्पादनमा करिब एक चौथाइ योगदान गर्छन् । आर्थिक वर्ष २०८०/०८१ मा अघिल्ला दुई क्षेत्रहरूको वृद्धिदर ऋणात्मक थियो । यिनीहरूमा आएको उतारचढावले समग्र गैरकृषि क्षेत्रको वृद्धिदर नै अस्थिर बन्न पुगेको छ । घरेलु आर्थिक वृद्धिदरलाई माथि उकास्न कृषिलगायत यी क्षेत्रहरूमा पर्याप्त ध्यान पुग्नु आवश्यक छ । बैंकहरूको कर्जा प्रवाहको स्थिति हेर्ने हो भने खुद्रा व्यापार र उपभोगमा झन्डै ४० प्रतिशत पुगेको वर्तमान अवस्थामा बैंकिङ क्षेत्रको लगानीलाई उत्पादनशील, निर्माण र यातायात/भण्डारणका क्षेत्रहरूमा स्थानान्तर गर्नु जरूरी छ ।

समग्रमा बजेट सामान्य सुधारवादी नै छ । यसबाट अर्थतन्त्रमा खासै ठूलो परिवर्तन आउँदैन । तर यसका केही सकारात्मक पक्षहरू पनि छन् । पहिलो, वित्तीय व्यवस्थाभन्दा पुँजीगत खर्चतर्फ सरकारले जोड दिएको देखिन्छ । गत आर्थिक वर्षदेखि वित्तीय व्यवस्थाभन्दा पुँजीगत खर्च कम हुँदै जान थालेको थियो । तर यसलाई सरकारले महसुस गरी बिस्तारै सुधारात्मक बाटोमा ल्याउन खोजेको छ । पुँजीगत खर्च गर्ने क्षमता वृद्धिका लागि यसअन्तर्गत पर्ने कार्यक्रमहरू सुरु गर्न नयाँ आर्थिक वर्ष कुर्नु नपर्ने, तत्कालै तिनीहरूको तयारीमा लाग्न सकिने प्रावधान राखिएको छ । यसले कागजी प्रक्रिया तत्कालै सुरू गरी नयाँ आर्थिक वर्षको सुरुमै बजेट निकासा हुन सक्ने सम्भावना बढाएको छ ।

अर्को सकारात्मक पक्ष भनेको तीन वर्षअघि परीक्षणका रूपमा लागू गरिएको भूमि बैंकको स्थापना सम्बन्धमा नीति, नियम र ऐन तर्जुमा गर्ने कार्यक्रम अत्यन्त सकारात्मक छ । पहिलो चरणमा एक सय स्थानीय तहमा यसलाई लागू गर्ने बताइएको छ । यसबाट मुकुकमा बाँझो करिब ३० प्रतिशत खेतीयोग्य जमिन उपयोगमा ल्याउन सकिन्छ कि भन्ने आशा गर्न सकिन्छ । यसले केही वर्ष पहिले बिनातयारी यो कार्यक्रम घोषणा गरिएको रहेछ भन्ने पनि संकेत गर्छ । अर्कोतिर दुई वर्षभित्र चामलमा आत्मनिर्भर हुने लक्ष्य राखिएको छ, यसका लागि चैते धानको उत्पादनलाई प्रोत्साहित गर्ने नीति लिइएको छ । खाद्यान्नको आयात अत्यन्त तीव्र गतिले बढिरहेको स्थितिमा यो अत्यन्त सकारात्मक प्रयास हो ।

पहाडी भेगमा बस्ती पातलिँदै गएको सन्दर्भमा वन्यजन्तुहरूबाट अन्न बालीहरूमा भइरहेको क्षति न्यूनीकरणका लागि सुरक्षित बाली प्रवर्द्धन कार्यक्रम सान्दर्भिक हुनुपर्छ । तर यसले कीटनाशक औषधिहरूको प्रयोग, बाली भण्डारण क्षमताको विकासलाई मात्रै समेट्छ कि मानव वन्यजन्तु द्वन्द्वलाई पनि न्यूनीकरण गर्छ भन्ने कुरा अस्पष्ट छ । पहाडी भेगमा जनसंख्या पातलो हुँदै जाने र जंगलको विस्तारसँगै वन्यजन्तुको वृद्धिबाट मानव बस्तीले हैरानी खेप्नुपर्ने स्थिति बढ्दो छ । वन्यजन्तुको नियन्त्रणबाट बाली संरक्षण गर्न अझै ठोस कार्यक्रमको जरूरत छ ।

यसका अलावा बजेटका धेरै कमजोरीहरू छन् । पहिलो त विगतको जस्तै यो पनि महत्त्वाकांक्षी बजेट छ । सरकारको वित्तीय क्षमता र कार्यशैलीको स्तर हेर्दा न प्रक्षेपित राजस्व उठ्न सक्छ, न त सरकारले झन्डै २० खर्बको बजेट नै खर्च गर्न सक्छ । अर्कोतिर सार्वजनिक खर्चको अनुशासन यसले परिपालना गराउन सक्ने लक्षण देखाएको छैन । राष्ट्रिय गौरवका आयोजनाबाट बजेट रकमान्तर गराउनबाट यसले रोक्ने प्रयास त गरेको छ तर यहाँ एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर हुने प्रवृत्ति उच्च छ । यसलाई नै नियन्त्रण नगरी समग्रमा वित्तीय अनुशासनमा सुधार हुँदैन । विगतका दुई आर्थिक वर्षको महालेखा परीक्षकको प्रतिवेदन हेर्ने हो भने कुल खर्चको ५ र १२ प्रतिशत बजेट विभिन्न शीर्षकहरूबाट रकमान्तर गरेर ल्याइएको देखिन्छ । विसं २००८ र २०१६ मा तत्कालीन अर्थमन्त्री सुवर्णशमशेरले व्यवस्था गरेजस्तो बजेटरी व्यवस्था कोषको स्थापना गरिनु वित्तीय अनुशासन र पारदर्शिताका हिसाबले अत्यन्त सान्दर्भिक हुन्छ ।

उपत्यकाको वातावरणीय प्रदूषणलाई कम गर्न उद्योगहरूलाई बाहिर सार्ने नीति लिइएको छ तर त्यसको रणनीति के हुने र उद्योग सार्नका लागि प्रोत्साहन कसरी दिने भन्ने प्रस्ट छैन । यसरी हेर्दा यो एउटा नीतिगत प्रयासका रूपमा आएको तर यसलाई कसरी अगाडि बढाउने प्रस्ट रणनीति नभएकाले आगामी आर्थिक वर्षमा यसले ठोस उपलब्धि ल्याउनेछ भन्नेमा कमै मात्र आशावादी हुन सकिन्छ ।

कर व्यवस्था

बजेटबाट निजी क्षेत्र उत्साहित छ । यस बजेटले स्वास्थ्यमा प्रतिकूल असर पार्ने सुर्ती, खैनी, गुट्खालगायत पानमसला, सुगन्धित सुपारी, माउथ फ्रेसनर र हुक्का फ्लेवरमा कर लगाउने व्यवस्था गर्नुका साथै चुरोटमा (प्रिमियम र सस्तो चुरोट दुवै) अन्तःशुल्क बढाउनुबाहेक अन्य आर्थिक क्रियाकलाप र उपभोगमा करका दरहरू यथावत् राखेको छ । त्यसैले कर सुधारको माध्यमबाट कति थप राजस्व उठ्न सक्छ भन्ने कुरा अनौपचारिक आर्थिक क्रियाकलापहरूलाई कति हदसम्म औपचारिक क्षेत्रमा ल्याउन सकिन्छ भन्नेमा भर पर्छ । यसमा ठूलो उपलब्धि हुन नसकेको अवस्थामा राजस्वको परिचालन पुरानै सन्तुलनको वरिपरि नै रहन सक्छ ।

अन्तर्राष्ट्रिय व्यापारको प्रवृत्तिमा विगत एक दशकमा तात्विक परिवर्तन हुन सकेको छैन । तर कुल व्यापारमा निर्यातको अंश आर्थिक वर्ष २०७३/७४ मा अत्यन्त न्यून (करिब ६ प्रतिशत) रहेकामा त्यसपछिका वर्षहरूमा बिस्तारै बढेर हाल करिब ९ प्रतिशतको हाराहारी रहेको छ । यसलाई सुधार गर्ने दिशामा प्रस्तुत बजेटले कुनै नीतिगत प्रयास गरेको देखिँदैन । निर्यात र आयातकर्ता उद्योगले आयात-निर्यातका लागि एक्जिम कोड लिँदा राख्नुपर्ने बैंक ग्यारेन्टीको व्यवस्थालाई हटाउनुबाहेक अन्य निर्यात प्रवर्द्धनका ठोस प्रयासहरू देखिँदैनन् । कृषि कर्मलगायत सबै उत्पादनशील क्षेत्रका उपलब्धिहरूसँग जोडिएका बौद्धिक सम्पत्तिहरूको संरक्षणका लागि सरकारले कानुन संशोधनका कुरा बजेट वक्तव्यमा उल्लेख गरेको छ तर त्यो पर्याप्त छैन । हामीकहाँ कानुनी जटिलताभन्दा पनि सहजीकरणको अभाव खड्किरहेको स्थिति हो । नेपालमा राष्ट्रिय बौद्धिक सम्पत्ति नीति २०७३, पेटेन्ट डिजाइन तथा ट्रेडमार्क ऐन २०२२, प्रतिलिपि अधिकार ऐन २०५९, कलेक्टिभ मार्कको दर्तासम्बन्धी निर्देशिका २०६७ जस्ता बौद्धिक सम्पत्तिसम्बन्धी कानुन नभएका होइनन् तर नेपालले बौद्धिक सम्पत्तिको संरक्षणमा गरेको प्रगतिको गति अत्यन्त धिमा छ । कानुन संशोधनले उद्योग विभागमा दर्ता हुने पेटेन्ट, डिजाइन र ट्रेडमार्कको संरक्षण नेपाली बजारभित्र त सहज हुने भयो तर विश्व बजारमा विश्व बौद्धिक सम्पत्ति संरक्षण संस्थामा दर्ता नभई निर्यातमा सहजीकरण हुँदैन । यसमा नेपाली कानुन संशोधनले मात्रै खास अर्थ राख्दैन । उद्योग विभागले आफ्नो बौद्धिक सम्पत्तिको संरक्षण अन्तर्राष्ट्रिय बजारमा गराउन चाहने कृषक र औद्योगिक उत्पादकहरूलाई विश्व बौद्धिक सम्पत्ति संरक्षण संस्थामा पहुँच पुऱ्याउन र बौद्धिक सम्पत्तिको अधिकार स्थापित गराउन सरकारको सहयोग जरूरत छ । विश्व बौद्धिक सम्पत्ति संरक्षण संस्थाको सन् २०२३ को नेपाल तथ्यांकका आधारमा स्वदेशमा बस्ने र विदेशमा बस्ने दुवैलाई समेटेर हालसम्म १११ वटा पेटेन्ट, ५० वटा औद्योगिक डिजाइन, र १३५५० ट्रेडमार्क निवेदन दर्ता भएका छन् । यिनीहरूको अधिकार स्थापित गराउनुका साथै निर्यात प्रवर्द्धनमा सहजीकरण गराइदिन सरकारको प्राथमिकतामा पर्नुपर्छ ।

आयकरको सन्दर्भमा पुँजी बजारबाट प्राप्त हुने आय र त्यसको करमा सरकारले विशेष ध्यान दिनुपर्ने देखिन्छ । सेयर कारोबारमा 'स्क्रिप्ट' अनुसार छुट्टाछुट्टै कर लगाउँदा नाफामा कर तिर्ने तर घाटा समायोजन गर्न नपाइने स्थिति बनेको छ । सेयर कारोबार नै परिवारको सम्पूर्ण आम्दानीको स्रोत हो भने आयकर ऐनअनुसार नै समग्रतामा स्ल्याबअनुसार कर लगाउनु उपयुक्त हुन्छ । नाफामा रहेका सेयर लगानीबाट सरकारले कर राजस्व लिने तर घाटामा रहेका कारोबारलाई समेटेर खुद आय गणना गर्न नपाइने जटिल र अन्यायपूर्ण नियमले पुँजी बजारका साना र खुद्रे लगानीकर्ताहरूलाई हतोत्साही बनाएको छ । यसमा आयकर ऐनको ध्यान गए पनि यसलाई सरलीकरण र न्यायसंगत बनाइएको छैन । साथै खुद आय निर्धारणमा मुद्रास्फीतिको असर पनि समावेश गर्न पाइने व्यवस्था गरिनुपर्छ ।

पुँजी बजारमा सरकारले ध्यान दिनुपर्ने अन्य पक्षहरूमा बोनस सेयरमा कर लाग्ने गरेको तर लगानीकर्ताहरू बोनस सेयर कम्पनीको आम्दानीबाट वितरण भएको र त्यसमा पहिले नै कर लागिसकेकाले बोनस सेयरमा पनि कर लगाउँदा दोहोरो कर लाग्न गएको तर्क गरिरहेका छन् । यसमा अन्तर्राष्ट्रिय असल अभ्यासको पालना गर्नु न्यायसंगत हुन्छ ।

सेयर होल्डिङमा विभिन्न अवधिका लागि विभिन्न दरमा अग्रिम आयकर कटौती भइरहेको स्थिति छ । यस प्रकारको कर एक वर्षभन्दा कम र बढी अवधिका लागि, संस्थागत रूपले गरिएको सेयर लगानीका लागि र असूचीकृत कम्पनीका लागि फरक-फरक रहेका छन् । यसमा नै पर्याप्त ध्यान दिएर करका दरहरू निर्धारण गरिएको हुनाले यसलाई अन्तिम कर मानिनुपर्छ भन्ने सेयर लगानीकर्ताहरूको माग रहिआएको छ । व्यवहारमा पनि अन्तिम करकै रूपमा संकलन भइरहेको स्थिति छ तर यसमा आयकर ऐन स्पष्ट नहुँदा कर अधिकृतले पुनरावलोकन गर्न सक्ने बाटो कानुनले दिएको छ । यसलाई पनि दर परिवर्तन गरेरै भए पनि अन्तिम नै मानिदिँदा कर प्रशासन पनि सरलीकृत हुन जान्छ ।

२००७ सालको परिवर्तनसँगै प्रजातान्त्रिक सरकारको स्थापना भएपछि नेपालमा सरकारले नियमित रूपमा वार्षिक बजेट निर्माण गर्दै आएको छ । तर पनि अझै नेपाल सरकारको बजेटरी प्रणालीमा कैयौं नीतिगत र प्रक्रियागत कमजोरीहरू रहँदै आएका छन् । गत आर्थिक वर्षको बजेटको सिद्धान्त र प्राथमिकतासहित उपलब्धिहरूको मिहिन ढंगले समीक्षा नगरी अर्थतन्त्रको स्वरूपको मात्रै पुनरावलोकन गरी बजेट निर्माणको थालनी गरिन्छ । साथै गत वर्षको भन्दा आगामी वर्षको बजेटको आकार बढ्नैपर्छ भन्ने मनोविज्ञानले बजेट निर्माण प्रभावित छ । यस प्रकारको मानसिकताबाट बाहिर निस्केर बजेटलाई आवश्यकताभन्दा बढी महत्त्वाकांक्षी बनाइनु हुँदैन ।

नेपालमा संघीयतासँगै वित्तीय पारदर्शिता कमजोर हुँदै गएको स्थिति छ । प्रदेश र स्थानीय तहमा स्रोतको अभावमा अन्धाधुन्ध लगाइएका विभिन्न शुल्क, जरिवाना र सहायतासम्बन्धी आम्दानी र खर्चलाई बढी पारदर्शी बनाइनुपर्छ । अर्कोतर्फ वित्तीय समानीकरण अनुदानलाई कटौती नगरी आवश्यक परे केही अंश समपूरक र ससर्त अनुदानमा सार्न सकिन्छ, यसले प्रदेश र स्थानीय सरकारको क्षमता अभिवृद्धिसँगै वित्तीय उपलब्धता पनि सुनिश्चित गर्छ ।

वैदेशिक अनुदान घट्दै गएको र सार्वजनिक ऋण बढ्दै गएको वर्तमान स्थितिमा सम्भावित अनुदानका स्रोतहरूमा पहुँच बढाउनु सरकारका लागि अत्यन्त आवश्यक छ । राष्ट्रसंघीय जलवायु परिवर्तन कन्भेन्सन कोषको पछिल्लो तथ्यांकअनुसार नेपाल जलवायु परिवर्तनबाट हुने क्षतिहरू सामना गर्ने नवौं ठूलो मुलुक हो, त्यसैले नेपालले हरित जलवायु कोष (ग्रीन क्लाइमेट फन्ड) बाट त्यही अनुपातमा अनुदान प्राप्त गर्ने अधिकार राख्छ  । तर यसका लागि सरोकारवाला सरकारी र गैरसरकारी संस्थाहरूको प्रतिस्पर्धी परियोजनाहरू जित्न सक्ने क्षमताको अभिवृद्धि हुनु जरूरी छ । - *कान्तिपुर*

# छुवाछुतमुक्त राष्ट्र घोषणा कार्यान्वयनका सकस

**गणेश विश्वकर्मा**

घोषणाको ऐतिहासिक र राजनीतिक सन्दर्भः ऐतिहासिक जनक्रान्ति ०६२/६३ को राप र तापले परिवर्तनको हिस्सेदार नेपालका एकचौथाइ दलित समुदायलाई पनि बनाउनुपर्छ भन्ने मान्यताका आधारमा २१ जेठ ०६३ मा नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरिएको थियो । यो घोषणा परम्परागत खालको थिएन, ऐतिहासिक जनक्रान्तिको बलमा पुनर्स्थापित शक्तिशाली संसद्बाट गरिएको हुनाले यसको विशेष महत्व रहेको छ । सो घोषणाको पाँच वर्षपछि ०६८ मा तत्कालीन संसद्ले जातीय छुवाछुत तथा भेदभाव (कसुर तथा सजाय) ऐन पारित गर्‍यो । यो ऐन सर्वसम्मत पारित हुनुको धरातल ६०१ जनामध्ये ५० जना दलित, १९७ जना महिला र २१९ जना आदिवासी जनजाति, मुस्लिम र मधेशी गरी ४६६ जना सीमान्तकृत समुदायको प्रतिनिधित्व भएको पहिलो संविधानसभा थियो । छुवाछुतमुक्त राष्ट्र घोषणा गर्दा केवल घोषणा मात्र नभई दलितको देशव्यापी अवस्थासहितको तथ्यांक संकलन गर्ने, दलित समुदायका लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना निर्माण गर्ने र दलितका व्यावसायिक परम्परागत मौलिक पेसाको औद्योगिकीकरण गर्ने उल्लेख गरिएको थियो । यो घोषणा नेपाली दलित मुक्ति आन्दोलनको सात दशक लामो संघर्षको ऐतिहासिक उपलब्धि थियो ।

घोषणाको प्रभाव र वर्तमान अवस्थाः 'छुवाछुतमुक्त राष्ट्र घोषणा'ले नेपालका दलितलाई आफूहरू पनि ऐतिहासिक जनआन्दोलनको हिस्सेदार भएको महसुस भएको थियो । यस घोषणालाई नेपालको दलित आन्दोलनले ऐतिहासिक उपलब्धिका रूपमा स्वीकार गर्दै सोही वर्षदेखि नै २१ जेठलाई दलित अधिकार दिवसका रूपमा मनाउन थाल्यो । घोषणाले नेपाली समाजको ऐतिहासिक अन्यायप्रति औपचारिक अस्वीकारको घोषणा गरेको हुनाले यसको संस्थागतीकरणका लागि जातीय छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन २०६८ र छुवाछुतविरूद्ध मुलुकी फौजदारी संहिता, २०७४ संसद्बाट पारित भयो । प्रधानमन्त्रीको अध्यक्षतामा जातीय भेदभाव तथा छुवाछुत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्द्धन संयन्त्र २०६८ गठन भयो । दलित आन्दोलनको निरन्तर खबरदारीसँगै ऐन पारित भएपछि तत्कालीन सम्माननीय प्रधानमन्त्री झलनाथ खनाल नेतृत्वको सरकारले २१ जेठलाई 'जातीय छुवाछुत तथा भेदभाव उन्मूलन राष्ट्रिय दिवस' घोषणा गरेको थियो । नेपालको संविधानको प्रस्तावना, राज्यको नीति तथा निर्देशक सिद्धान्त, दुई-दुईवटा मौलिक हकको व्यवस्थासहित समावेशिता, समानता, पुनर्स्थापन, अन्यायको अन्त्यजस्ता अवधारणासहित संवैधानिक राष्ट्रिय दलित आयोग गठन भयो । राष्ट्रिय सभाले संकल्प प्रस्ताव पारित गरी नयाँ ऐन बन्ने चरणमा अघि बढेको छ । यसरी संवैधानिक तथा कानुनी व्यवस्थाका कारण 'छुवाछुतमुक्त राष्ट्र घोषणा' एक सकारात्मक रूपमा लिन सकिन्छ भने यसका नकारात्मक पक्ष पनि रहेको छ । हजारौँ वर्षदेखि विद्यमान जातपात र छुवाछुतले जकडिएको समाज केवल घोषणा र कानुनी व्यवस्थाले मात्र स्वतः उन्मूलन हुन सम्भव थिएन । ठुल्ठुला परिवर्तन भएका मुलुकमा दलितका मुद्दा भविष्यमा द्वन्द्वका कारण नबनून् भनेर निकै ध्यान दिएको पाइन्छ । तर, नेपालमा भने त्यसतर्फ ध्यान नदिई केवल घोषणामै मात्र सीमित राखियो ।

छुवाछुतमुक्त राष्ट्र घोषणा भएको आज १८ वर्षको अवधिमा रूकुमपश्चिम नरसंहारमा हत्या गरिएका ६ जनासहित २५ जनाभन्दा बढीको हत्या भएको छ । अन्तर्जातीय विवाह गरेका कारण हत्या गरिएका काभ्रेपलान्चोकका अजित मिजारको लास विगत १० वर्षदेखि काठमाडौंस्थित त्रिवि शिक्षण अस्पतालमा न्यायको पर्खाइमा रहेको छ । सर्लाहीका सत्येन्द्रकुमार राम र नेहा रौनियारको घटना होस् या सिराहाको महायज्ञ र आमाको पितृभोज खुवाउँदाको सन्दर्भमा भएकोलगायत घटनामा राजनीतिक दल, तिनका नेता, कार्यकर्ता, निर्वाचित जनप्रतिनिधि र स्थानीय सम्भ्रान्तदेखि प्रहरी प्रशासनबिचकै साँठगाँठले छुवाछुतमुक्त राष्ट्र घोषणाको कार्यान्वयनमा अझै पनि निकै चुनौती रहेको देखिन्छ । यो घोषणा बाध्यकारी नबनाइएको हुनाले यसको कार्यान्वयनका लागि सरकारले घोषणाको दबाबमा भन्दा दलित आन्दोलनको दबाबमा काम गरिरहेको पाइन्छ । नेपाल सरकारले नीति तथा कार्यक्रम र बजेटमा लोकरिझ्याइँका लागि केही कार्यक्रम राखे पनि कार्यान्वयन कहिल्यै भएनन् । उदाहरणका लागि गत वर्ष संघीय सरकारले दलितका सन्दर्भमा संविधान कार्यान्वयनका लागि २० करोड विनियोजन गरेको थियो, तर सो रकम कता खर्च भयो, कसैलाई थाहा छैन । घोषणालाई राजनीतिक परिवर्तनको मूल पक्षसँग जोडेर आर्थिक, सामाजिक प्रगतिशील रूपान्तरणको अभियानका रूपमा नलिइएको हुनाले छुवाछुतमुक्त राष्ट्र घोषणा आज दलितका लागि उत्सव कम र संघर्ष बढी गर्नुपर्ने अवस्था बनेको छ ।

घोषणा कार्यान्वयनको मार्गचित्रः नेपालको दलित समस्या भनेको केवल जातीय छुवाछुत मात्र होइन, यो एक राजनीतिक रूपमा पार्टीभित्रको असमावेशीकरण, संसदीय क्षेत्रभित्रको असमावेशीकरण र प्रशासनिक क्षेत्रभित्रको असमावेशीकरण हो । दुई, आर्थिक रूपमा भूमिहीनता, बेरोजगारी र सामन्तवादका अवशेषका रूपमा रहेका हलिया, हरवाचरवा, बालीघरेप्रथा आदिको अभ्यास हो । तीन, सामाजिक सांस्कृतिक क्षेत्रमा जातीय छुवाछुत, दण्डहीनता र शिक्षाबाट वञ्चितीकरणको एकीकृत स्वरूप हो, जुन समस्या वैज्ञानिक सिद्धान्तलाई समेत चुनौती दिँदै नेपाली समाजको स्वभाव र संस्कृति बनेर जीवित रहेको छ । यी सबै समस्यालाई किस्ताबन्दीका रूपमा होइन, एकसाथ हल गर्ने विचारधाराको आवश्यकता रहेको छ । विश्वव्यापी अनुभवलाई हेर्दा भेनेजुएलामा ह्युगो चाभेज सत्तामा आएपछि सम्पूर्ण निजी सम्पत्तिलाई राष्ट्रियकरण गर्दै स्वास्थ्य, शिक्षा, रोजगारीको सुनिश्चिततासहित समाजवादको घोषणा गरिएसँगै त्यहाँका जनता खुसीले गदगद भई सडकमा आएर नाचेका थिए । त्यसैगरी क्युबामा शिक्षा, स्वास्थ्य र रोजगारी सरकारले सुनिश्चित गर्दै जीवनको सम्पूर्ण शक्ति, सामर्थ्य देशको निर्माणमा लगाउने अनि शारीरिक, मानसिक रूपमा कमजोर भएपछि जनताको जिम्मा सरकारले लिने घोषणा गरिएपछि 'गरेर बाँच्ने, हाँसेर मर्ने' भन्ने उखान जनजिब्रोमा स्थापित भएको थियो ।

हाम्रो छिमेकी देश चीनले समाजवादी कार्यक्रममार्फत लाखौँ निम्न आयस्रोत भएका गरिबीको रेखामुनिका जनतालाई गरिबी निवारणका माध्यमबाट मध्यमवर्गीय परिवारमा रूपान्तरण गर्न सफल भएको थियो । त्यसैगरी, मलेसिया, सिंगापुर, दक्षिण कोरिया, जापान, रूवान्डा, इथियोपिया, पोल्यान्डलगायत देशले गरेको तीव्र विकासको अनुभव हाम्रा सामु छ । यस सन्दर्भमा नेपालले तीनवटा क्षेत्रमा एकसाथ ध्यान दिनुपर्छ । पहिलो, संवैधानिक तथा कानुनी व्यवस्थालाई बलियो बनाउने । दोस्रो, कानुन कार्यान्वयनको बलियो संयन्त्र राष्ट्रिय दलित आयोगका अलावा दलित विकास प्राधिकरण स्थापना गर्ने र तेस्रो तीनवटै तहका सरकारले यसलाई पहिलो प्राथमितामा राखेर आगामी दशकलाई दलित अधिकार दशक घोषणा गरी बजेटसहितका कार्यक्रम राष्ट्रव्यापी अभियानका रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्छ । लोकतन्त्र भनेको कुनै दर्शन र विचार मात्र होइन, यो त उत्पीडित दलित जनताको जीवनमा आउने व्यवहार पनि हो । त्यसैले, घोषणाको राजनीतिक महत्व, सामाजिक यथार्थसँगको सम्बन्ध, कार्यान्वयनको अवस्था र दलित समुदायको अनुभव सबै पक्षबाट आलोचनात्मक दृष्टिले मूल्यांकन गर्नु आवश्यक छ ।

> अबको दलित आन्दोलनको मुख्य संघर्ष दलाल पुँजीवादविरुद्ध र सहायक संघर्ष सामन्तवादका अवशेषविरुद्ध केन्द्रित गरिनुपर्छ । त्यसैले अबको दलित आन्दोलनले वर्गीय आन्दोलन अर्थात् वर्गसंघर्षका सबै रूपको सबै स्तरमा अभ्यास गर्दै वैज्ञानिक समाजवादको आवश्यकताद्वारा प्रशिक्षित गर्दै लैजाने आमसंघर्षसम्बन्धी नीति-निर्माणमा जोड दिनुपर्छ ।

जातीय समस्याको हल गर्न गौतम बुद्धले धार्मिक मोक्ष र व्यक्तिगत अनुशासनमा जोड दिएका थिए । भीमराव अम्बेडकरले संवैधानिक र सामाजिक सुधारमा जोड दिँदै धर्मान्तरणमार्फत समाधान खोजेका थिए । तर, कार्ल मार्क्सले वर्गसंघर्ष र सामाजिक क्रान्तिमा जोड दिँदै उत्पादन प्रणाली, श्रम र सम्पत्तिको स्वामित्वलाई जातीय र वर्गीय उत्पीडनको मूल स्रोतका रूपमा लिँदै जातीय उत्पीडनको अन्त्य तब मात्र सम्भव हुन्छ, जब उत्पादन सम्बन्धको क्रान्तिकारी पुनर्संरचना गरिन्छ भन्ने धारणा अघि सारे । जात केवल एक धार्मिक, सामाजिक वा सांस्कृतिक संरचना होइन, यो श्रमको वर्गीय विभाजनको एक स्थायी व्यवस्था हो । त्यसैले, जात अन्त्यका लागि वर्ग अन्त्य अनिवार्य छ । यसका लागि भूमिहीनता, बेरोजगारी र श्रम शोषण अन्त्यका लागि सम्पत्ति, वर्ग, श्रम र राज्यशक्तिको संरचना परिवर्तन हुनुपर्छ ।

दक्षिण एसियामा विशेषतः नेपाल र भारतका मार्क्सवादी क्रान्तिकारीले दलित समस्याको वर्गीय चरित्रलाई वर्गीय दृष्टिकोणबाट बुझ्ने र बदल्ने रणनीतिक योजना बनाउन नसक्दा मार्क्सवादी आन्दोलनले दलितका प्रश्नलाई वर्गसंघर्षको गतिलो हतियार बनाउने ऐतिहासिक अवसर गुमाउनुपरेको कमजोरी स्वीकार गर्दै दलित आन्दोलनलाई 'सुशासन र रोजगारी, समाजवादको तयारी' भन्ने राष्ट्रिय संकल्पसाथ अघि बढेको समाजवादी क्रान्तिको एक हिस्सेदारका रूपमा विकसित गर्न सक्नुपर्छ । अबको दलित आन्दोलनको मुख्य संघर्ष दलाल पुँजीवादविरूद्ध र सहायक संघर्ष सामन्तवादका अवशेषविरूद्ध केन्द्रित गरिनुपर्छ । त्यसैले अबको दलित आन्दोलनले वर्गीय आन्दोलन अर्थात् वर्गसंघर्षका सबै रूपको सबै स्तरमा अभ्यास गर्दै वैज्ञानिक समाजवादको आवश्यकताद्वारा प्रशिक्षित गर्दै लैजाने आमसंघर्षसम्बन्धी नीति-निर्माणमा जोड दिनुपर्छ । जसले समाजवादको आधार निर्माण गर्नेछ । *-नयाँ पत्रिका*



# ५४ वर्षपछि डेडिकेटेड दुई लेनको बनाइँदै पोखरा-बुटवल सडक



रूपन्देही । पश्चिम नेपालको पहाड र तराई क्षेत्र जोड्ने सिद्धार्थ राजमार्ग निर्माण भएको ५४ वर्षपछि स्तरोन्नति हुने भएको छ । भारतको आर्थिक सहयोगमा सन् १९६४ मा सुरू भएको एक सय ८२ किलोमिटर यो राजमार्ग (सुनौली-पोखरा)को निर्माण सन् १९७१ मा सम्पन्न भएको थियो । पाँच दशकपछि अहिले एक सय ५८ किमि लामो बुटवल-पोखरा खण्डलाई डेडिकेटेड दुई लेनमा स्तरोन्नति गर्न लागिएको हो ।

यो सडक पर्यटन, व्यापारिक तथा आर्थिक क्रियाकलापका लागि निकै महत्वपूर्ण मानिन्छ । तर, अहिले उक्त सडकको चौडाइ ५.५ मिटरदेखि ६ मिटरसम्म मात्रै हुँदा ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । अर्थात्, उक्त सडकमा दोहारो रूपमा सवारीसाधन वारपार गर्न सक्दैनन् । लामो समयसम्म स्तरोन्नति नहुँदा कतिपय ठाउँमा सडक जीर्ण अवस्थामा पुगेको पनि थियो । तर अब यसको स्तरोन्नति गर्न आगामी आवको बजेटमा यसलाई समावेश गरिएको छ ।

'आर्थिक वर्ष ०८२/८३ मा पर्यटन प्रवर्द्धन तथा आर्थिक क्रियाकलाप विस्तारका दृष्टिले उच्च सम्भावना रहेको सिद्धार्थ राजमार्गलाई डेडिकेटेड डबल लेनमा स्तरोन्नति गर्ने कार्य प्रारम्भ गरिनेछ,' बजेटको बुँदा नम्बर २५१ भनिएको छ । सडक विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालले अब उक्त सडकको स्तरोन्नति गर्ने कार्य अघि बढ्ने बताए । 'यो सडक स्तरोन्नति गर्न खोजेको पहिलेदेखि नै हो । अहिले बल्ल बजेटमा परेको छ । अब यसको काम अघि बढ्नेछ,' उनले भने, 'तर, बजेटमा डेडिकेटेड डबल लेन भनेर लेखिएछ, त्यो विषयमा भने हामीले थप बुझ्नुपर्छ ।'

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले आफ्नो गृहजिल्लासँग जोडिएकाले पनि यो परियोजना बजेटमा समावेश गरेका हुन् । यद्यपि, यो सडक स्तरोन्नति गर्न पनि उत्तिकै आवश्यक रहेको विभागका अधिकारीहरू बताउँछन् । 'डेडिकेटेड डबल लेन'मा कुनै एक लेनमा गाडी बिग्रिएर रोकिए पनि बाँकी भएको ठाउँमा दोहोरो रूपमै सवारीसाधन आवतजावत गर्न सक्नेछन् । दुई लेन सडकमा भने कुनै एक लेनमा गाडी बिग्रिएर रोकिएमा एकतर्फी मात्रै यातायात सञ्चालन गर्न सकिनेछ ।

सडक विभागले १५७.९५ किमि लामो बुटवल-पोखरा सडकखण्डलाई स्तरोन्नति गर्न यसअघि नै विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्यांकनलगायतका प्रतिवेदन तयार गरिसकेको छ । वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन हाल स्वीकृतिका लागि वन मन्त्रालयमा रहेको छ । वन मन्त्रालयले सार्वजनिक सुनुवाइका लागि गत ६ चैतमा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सार्वजनिक पनि गरिसकेको छ । उक्त प्रतिवेदनअनुसार यस सडकखण्डलाई कम्तीमा सात मिटर क्यारिजवेमा विस्तार गरिनेछ । सडकको दुवैतर्फ थप १.५ मिटरको सोल्डर र एक मिटरको नाला पनि निर्माण गरिनेछ । डेडिकेटेड दुई लेनको सडक बनाउने भएमा यो डिजाइन तलमाथि हुन सक्नेछ ।

'यस सडकको चौडाइ ठाउँ-ठाउँमा साँघुरो (५.५ मि-६ मि)सम्म रहेको भएर, यस आयोजनाको मुख्य उद्देश्य सडकखण्डलाई कम्तीमा पनि सात मिटर क्यारिजवे, सडकको दुवैतर्फ १.५ मिटरको सोल्डर र एक मिटरको नालासहितको बाह्रैमास सुचारू रहने दुई लेनको कालोपत्रे सडकमा स्तरोन्नति गर्नुका साथै सडकमा पर्ने पुलहरूको पनि आवश्यकताअनुसार मर्मत-सम्भार गरिनेछ,' वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा भनिएको छ । बजार क्षेत्रमा भने चार लेनको सडक बनाउने योजना रहेको सडक विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालले जानकारी दिए ।

# प्रधानमन्त्री ओलीले गरे ६४ सडकको शिलान्यास



प्रधानमन्त्री केपी ओलीले मधेश प्रदेशका आठ जिल्लाको ६४ वटा सडकको शिलान्यास गरेका छन् । मधेश प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको 'एक निर्वाचन क्षेत्र, एक सडक' योजनाअन्तर्गत प्रधानमन्त्री ओलीले प्रदेशका आठवटै जिल्लाका ६४ वटा कालोपत्रे सडकको डिजिटल शिलान्यास गरेका हुन् ।

आइतबार जनकपुरधाममा आयोजित शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै भ्रष्टाचारसँगै ढिलसुस्तीलाई पनि नियन्त्रण गर्नुपर्ने बताएका हुन् । ठेक्का लिएर ढिलासुस्ती गर्नु भ्रष्टाचारभन्दा ठुलो अपराध रहेको उल्लेख गर्दै प्रम ओलीले भने, 'भ्रष्टाचार १० प्रतिशतसम्म होला । तर, ठेक्का लिएर वर्षौं लगाउने प्रवृत्तिले योजनाको मूल्य बढेर शतप्रतिशत पुग्छ । यसले एकातिर आर्थिक घाटा हुनछ भने अर्कोतर्फ योजना समयमा सम्पन्न नहुँदा त्यसको उपलब्धि हजार प्रतिशत क्षति हुन्छ । त्यसकारण अब भ्रष्टाचार नियन्त्रण सँगसँगै ढिलासुस्तीलाई पनि नियन्त्रण गर्नुपर्ने हुन्छ ।'

अब ढिलासुस्ती गर्ने ठेकेदारलाई सरकारले धैर्य गरेर सहेर नबस्ने प्रम ओलीले चेतावनी दिए । उनले भने, 'कि त काम गर, नत्र ठेक्का तोडिन्छ । अहिलेको प्राविधिक युगमा सरकारले धैर्य गरेर बस्न सक्दैन ।'चुरे विनाशको कारण मधेशको पानी सतहभन्दा तल गइरहेको र सुक्खा बढ्दै गएको भन्दै प्रधानमन्त्री ओलीले त्यसलाई सुधार गर्न चुरे क्षेत्रमा पोखरी निर्माण गर्नुपर्नेमा जोड दिए । मधेश समतल र उर्वरभूमि भए पनि विकास निर्माणमा पछि पर्नु दुःखद विषय रहेको उनको भनाइ थियो । कार्यक्रममा प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले प्रदेशका आठ जिल्लाका ६४ प्रदेश निर्वाचन क्षेत्रमा तीन सय २० किलोमिटर कालोपत्रे सडक निर्माणका लागि करिब १२ अर्ब ७० करोड रूपैयाँ बजेट सुनिश्चित भइसकेको जानकारी दिए ।

मन्त्री यादवका अनुसार बहुवर्षीय योजनाअन्तर्गत आगामी तीन वर्षभित्र सडक निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । सडकहरू साढे पाँच मिटरदेखि सात मिटर चौडाइमा निर्माण हुनेछन् । आगामी तीन वर्षभित्रमा ६४ वटै सडक निर्माणकार्य सम्पन्न गर्ने लक्ष्यसहित चालू आर्थिक वर्षमा मधेश प्रदेश सरकारले प्रत्येक निर्वाचन क्षेत्रमा दुई करोड दरको बजेट विनियोजन गरिएको मन्त्री यादवले बताए ।

उनले एक निर्वाचन क्षेत्र एक पुलको कार्यक्रमसमेत अगामी आर्थिक वर्षमा राखिने बताए । शिलान्यास गरिएका सडकहरूको टेन्डर प्रक्रिया समाप्त भई सम्झौताको चरणमा रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव सञ्जयप्रसाद साहले बताए । चालू आर्थिक वर्षमा प्रत्येक सडकका लागि दुई करोडको दरले रकम विनियोजन गरिएको उनले बताए । एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रमअन्तर्गत निर्माण हुने सडक एक पालिकाबाट अर्को पालिका जोडिने, एक निर्वाचन क्षेत्रबाट अर्को निर्वाचन क्षेत्रमा जोडिने तथा केही पूर्व-पश्चिम राजमार्ग जोड्ने गरी निर्माण हुने उनको भनाइ छ । उक्त योजनाअन्तर्गत नयाँ सडक निर्माणदेखि पुरानै कच्ची सडकलाई पक्की बनाइने बताए ।

खेलकुद

# नेदरल्यान्ड्समाथि नेपालको सानदार जित

नेपालले आइसिसी विश्वकप लिग २ क्रिकेट प्रतियोगितामा बुधबार दोस्रो स्थानमा रहेको नेदरल्यान्ड्समाथि पाँच विकेटको सानदार जित निकालेको छ । स्कटल्यान्डको डुन्डी मैदानमा पहिलो ब्याटिङ गरेको नेदरल्यान्ड्स ४९.१ ओभरमा २२५ रनमा समेटिएको थियो । प्रत्युत्तरमा नेपालले ४७.१ ओभरमा पाँच विकेटको क्षतिमा २२६ रन बटुल्यो । नेपालका लागि गुल्सन झाले विजयी छक्का प्रहार गरेका थिए । नेपालले १७ बलअघि नै जित हात पारेको हो ।

अस्ट्रेलियन प्रशिक्षक स्टुवार्ट लको प्रशिक्षणमा रहेको नेपालले लिगमा लगातार दोस्रो जित निकालेको हो । १४ खेल खेलेको नेपालले चार जित निकाली १० अंक जोडेको छ । नेपाल सातौँ स्थानमै यथावत् रह्यो । तर, नेपालले रनरेट भने उकासेको छ । २१ खेल पूरा गरेको नेदरल्यान्ड्स २६ अंकका साथ दोस्रो स्थानमा छ । शीर्ष स्थानमा रहेको अमेरिकाको २८ अंक छ । नेपालको जितमा आरिफ शेखले अर्धशतकीय योगदान दिएका थिए । उनले दीपेन्द्रसिंह ऐरीसँग चौथो विकेटका लागि ९२ बलमा ८९ रनको साझेदारी गर्दै नेपाललाई जितनजिक पुऱ्याए । शेख र ऐरीबिच साझेदारी हुनुअघि नेपाल ३०.३ ओभरमा १२३/४ को अवस्थामा थियो । दुवैले नेपाललाई ४५.५ ओभरमा २१२/५ को बलियो स्थितिमा राखे ।

शेखले १२४ बलमा सात चौका र दुई छक्का प्रहार गरी सर्वाधिक ७८ रन जोडे । नटआउट रहेका ऐरीले ७२ बलमा ३८ रन बनाए । गुल्सनले चार बलमा समान चौका र छक्का प्रहार गरी ११ रन बटुले । यसअघि ओपनर कुशल भुर्तेल र आसिफ शेखले पहिलो विकेटका लागि ३२ रनको साझेदारी गरेका थिए । आसिफले २२ बलमा १९ तथा कुशलले ४२ बलमा २५ रन जोडे । कप्तान रोहित पौडेलले ३९ बलमा २३ रन जोडेका थिए । अब नेपालले स्कटल्यान्डसँग खेल खेल्नेछ ।

नेपालको जितमा महत्वपूर्ण योगदान दिएका मध्यक्रमका ब्याट्सम्यान आरिफ शेखले करिअरकै आठौँ अर्धशतकीय इनिङ्स खेले । शेखले ८१ बलमा अर्धशतक पूरा गरे । यसक्रममा उनले पाँच चौका र एक छक्का प्रहार गरे । सन् २०१८ मा नेदरल्यान्ड्सविरूद्ध एकदिवसीय खेलमा डेब्यु गरेका शेखले अहिलेसम्म ५९ खेल खेलेका छन् ।

पहिलो ब्याटिङ गरेको नेदरल्यान्ड्सले नेपाललाई २२६ रनको मध्यम लक्ष्य दिएको थियो । स्कटल्यान्डको डुन्डीमा टस जितेर ब्याटिङ रोजेको नेदरल्यान्ड्स ४९.१ ओभरमा २२५ रनमा समेटिएको थियो । अंकतालिकाको दोस्रो स्थानमा रहेको बलियो नेदरल्यान्ड्सलाई रोक्ने क्रममा सिमर बलरले उत्कृष्ट प्रदर्शन गरेका थिए । करण केसीले १० ओभरमा ३५ रन खर्चेर दुई विकेट हात पारेका थिए ।यसैगरी, सोमपाल कामीले ९.१ ओभरमा ४८ रन खर्चेर तीन विकेट लिए । सन्दीप लामिछाने र ललित राजवंशीले समान दुई विकेट हात पारे । नेदरल्यान्ड्सको ब्याटिङमा विक्रमाजित सिंहले ५६ बलमा ३८ रन जोडे । कप्तान स्कट एडवाडले ७१ बल सामना गरी ४६ रन जोडेका थिए । मध्यक्रमका ब्याट्सम्यान नोआच क्रोजले ५५ बलमा ४८ रनको योगदान दिए । नेपालले २२ अतिरिक्त रन दिएको थियो ।

**नेपाललाई आइसिसी अवार्ड**

आइसिसीले सामाजिक सञ्जालमा समर्थकको संलग्नतामा उच्च कार्य गरेको भन्दै नेपाललाई आइसिसी डिजिटल फ्यान इन्गेजमेन्ट अफ द इयर अवार्ड प्रदान गरेको छ । आइसिसीले विभिन्न विधाको विजेता घोषणा गर्दा नेपालले एसिया क्षेत्रको आइसिसी डिजिटल फ्यान इन्गेजमेन्ट अफ द इयरको अवार्ड जितेको हो । एसिया क्षेत्रको अन्य देशलाई पछि पार्दै नेपालले यो अवार्ड हात पारेको हो । यो अवार्डको मनोनयनमा नेपालसँगै अफ्रिकन क्षेत्रबाट नामिबिया, अमेरिकी क्षेत्रबाट बर्मुडा र पूर्वी एसिया प्रशान्त क्षेत्रबाट इन्डोनेसिया परेका थिए । नेपाल क्रिकेट संघ (क्यान)ले अवार्ड जितेकोमा गौरव अनुभूति भएको जनाएको छ ।

# विश्व वरीयतामा एरिका २७औँ स्थानमा

नेपालकी कराँते खेलाडी एरिका गुरूङ आफ्नो तौल समूहको विश्व वरीयतामा २७औँ स्थानमा पुगेकी छिन् । विश्व कराँते महासंघले बुधबार सार्वजनिक गरेको विभिन्न तौल समूहको वरीयतामा एरिकाले एकैपटक २७औँ स्थान सुधार गरेकी हुन् । यसै साता मोरोक्कोमा भएको कराँते वान प्रिमियर लिगअन्तर्गत महिला कुमुते ६८ केजी तौल समूहमा उनले मुलुकलाई ऐतिहासिक कांस्य पदक दिलाएकी थिइन् । नेपालको कराँते इतिहासमा अहिलेसम्म प्राप्त पदकमध्ये एरिकाले मोरोक्कोमा हात पारेको ठूलो मानिएको छ ।

महासंघले जारी गर्ने कुनै पनि तौल समूहको वरीयतामा उच्च स्थान पाउने एरिका पहिलो खेलाडी भएको नेपाली राष्ट्रिय कराँते टोलीका मुख्य प्रशिक्षक कुशल श्रेष्ठले बताए । 'एरिकाले प्राप्त गरेको वरीयता अहिलेसम्मकै ठूलो हो,' श्रेष्ठले भने, 'यसलाई पनि ऐतिहासिक मान्नुपर्छ ।' कराँते वान प्रिमियर लिगमा उत्कृष्ट प्रदर्शन गरेपछि उनको अहिले १४१० रेटिङ अंक रहेको छ । महासंघका अनुसार एरिकाले अहिलेसम्म १५ बाउटबाट वरीयता अंक जोडेकी हुन् । मोरोक्कोमा प्रतिस्पर्धा गर्नुअघि उनको वरीयता ५०औँ स्थान थियो । उनी विश्व कराँतेको सबैभन्दा प्रतिष्ठित मानिने प्रतियोगितामा पदक जित्ने पहिलो नेपाली खेलाडी हुन् । एरिकाले लिगको सेमिफाइनलमा विश्वकै नम्बर एक खेलाडी स्पेनकी मारिया टोरेस गार्सियासँग ५-५ को बराबरी खेलेकी थिइन् । तर, एरिका सेन्सुका आधारमा पराजित भइन् ।

कराँते वान प्रिमियर लिगको महिला ६८ केजीमाथि तौल समूहको भिडन्तमा उनले फ्रेन्च खेलाडी क्लेमेन्स पिएलाई ६-२ ले हराउँदै कांस्य पदक जितेकी थिइन् । सो प्रतियोगितामा विश्वका उत्कृष्ट ३२ खेलाडीले मात्र सहभागिता जनाउन पाउँछन् । एरिकाले रिप्लेसमेन्टमार्फत अवसर पाएकी हुन् । जहाँ वरीयतामा माथि रहेका खेलाडीलाई माथ दिँदै एरिकाले पदक जितेकी हुन् । विश्व वरीयतामा २७औँ स्थानमा पुगेपछि अब उनले अर्को संस्करणमा सिधै कराँते वान प्रिमियर लिगमा प्रतिस्पर्धा गर्न पाउने भएकी छिन् ।

## कर्पोरेट

### ● ग्लोबल आइएमईले गऱ्यो टोखा र दित्तेल रूपाकोट मझुवागढीमा वृक्षारोपण

ग्लोबल आइएमई बैंकले टोखा नगरपालिका, काठमाडौं र दित्तेल रूपाकोट मझुवागढी नगरपालिका, खोटाङमा वृक्षारोपण गरेको छ । बैंकले टोखा नगरपालिकाका विभिन्न विद्यालयमा एक हजारवटा फलफूलका बिरूवा रोपेको हो ।

उक्त वृक्षारोपण कार्यक्रममा टोखा नगरपालिकाका मेयर प्रकाश अधिकारी, बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी, विद्यालयका प्रधानाध्यापक, विद्यालयका प्रतिनिधि र विद्यार्थीसहित स्थानीयहरूको उपस्थिति थियो । साथै, बैंकले दित्तेल रूपाकोट मझुवागढी नगरपालिकाका विभिन्न वडामा एक हजार पाँच सयवटा बाँसका बिरूवा रोपण गरेको छ । बैंकले सञ्चालन गरेको उक्त वृक्षारोपण कार्यक्रममा खोटाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति प्रमुख, दित्तेल रूपाकोट मझुवागढी नगरपालिका प्रमुख, नेपाल आर्मी र नेपाल प्रहरीका जिल्ला नेतृत्व तथा प्रतिनिधि तथा स्थानीयको सहभागिता थियो । बैंकले १८औँ वार्षिकोत्सवका अवसरमा मुलुकभर १८ हजार बिरूवा रोप्ने लक्ष्य लिएको छ । बैंकले विश्व वातावरण दिवसको अवसर पारेर सातवटै प्रदेशका विभिन्न स्थानमा वृक्षारोपण गरिरहेको छ । साथै, उक्त वृक्षारोपणले जलवायु परिवर्तन न्यूनीकरण तथा स्थानीयको आय–आर्जनमा सहयोग हुने विश्वास बैंकले लिएको छ ।

### ● कुमारी बैंकको एटिएम र पिओएसमा मास्टर कार्ड प्रयोग गर्न सकिने

कुमारी बैंकको एटिएम तथा पिओएस (पोइन्ट अफ सेल) टर्मिनलमा मास्टर कार्ड प्रयोग गर्न सकिने भएको छ । यो सुविधा देशभरका बैंकका सम्पूर्ण एटिएम तथा पिओएस टर्मिनलमा उपलब्ध हुनेछ । बैंकले डिजिटल भुक्तानी प्रणालीलाई प्रवर्द्धन गर्दै ग्राहकलाई थप सहज, सुरक्षित र आधुनिक बैंकिङको अनुभव दिलाउन यो सुविधा ल्याएको पनि जनाएको छ । यससँगै मास्टर कार्ड प्रयोगकर्ताले बैंकको एटिएममार्फत रकम झिक्न र पिओएस टर्मिनलमार्फत खरिद भुक्तानी सहजै गर्न सक्नेछन् । यो सुविधाले ग्राहक तथा व्यापारी दुवैलाई लाभ हुने विश्वास बैंकले लिएको छ । बैंकले देशभरका तीन सय दुई शाखा सञ्जाल, तीन सय १८ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखारहित बैंकिङ इकाइमार्फत आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ ।

### ● सिटिजन्स बैंक र लाइफ क्वेस्ट क्लिनिकल ल्याबबिच सम्झौता

सिटिजन्स बैंक र पानीपोखरी, काठमाडौंस्थित लाइफ क्वेस्ट क्लिनिक ल्याबबिच छुटसम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार बैंकका कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले उक्त क्लिनिकमा २० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् ।यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

### ● नेपाल बैंकका कर्मचारी र ग्राहकलाई हेम्सको नागरिक शिक्षण अस्पतालमा छुट

नेपाल बैंकमा कार्यरत कर्मचारी र बैंकमा खाता रहेका ग्राहकहरूलाई हेम्स अस्पतालद्वारा सञ्चालित नागरिक सामुदायिक शिक्षण अस्पतालमा छुट हुने भएको छ । भक्तपुरको गट्ठाघरस्थित सोही अस्पतालमा उपचार गर्दा लाग्ने शुल्कमा विशेष छुट प्रदान गर्ने अस्पताल र बैंकबिच सम्झौता भएको छ ।

सो सम्झौताबमोजिम नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरू र बैंकमा खाता रहेका ग्राहकहरूलाई नागरिक सामुदायिक शिक्षण अस्पताल र हेम्स अस्पतालको विविध सेवाहरूमा लाग्ने शुल्कहरूमा बिल रकमको पाँच प्रतिशतदेखि १२ प्रतिशतसम्म छुट हुने व्यवस्था गरिएको छ ।

सम्झौतापत्रमा बैकको तर्फबाट प्रमुख वित्त अधिकृत प्रकाशकुमार अधिकारी र नागरिक सामुदायिक शिक्षण अस्पतालको तर्फबाट कार्यकारी निर्देशक भुवन जोशीले हस्ताक्षर गरेका छन् ।

### ● 'ग्लोबल स्मार्ट प्लस' एपबाट डलर कार्डमा लोड सुविधा

ग्लोबल आइएमई बैंकले 'ग्लोबल स्मार्ट प्लस' एपमा फिचर थप गरेको छ । बैंकले मोबाइल एपमार्फत ई–कम डलर कार्डमा रियल टाइम लोड सुविधा उपलब्ध गराएको हो । योसँगै अन्तर्राष्ट्रिय अनलाइन किनमेल तथा सेवा खरिद गर्न अमेरिकी डलर आफ्नै मोबाइलबाट तुरून्तै कार्डमा लोड गर्न सकिने भएको छ । भिसा ब्रान्डको यो कार्ड अन्तर्राष्ट्रिय कारोबारका लागि मान्य हुने बैंकले जनाएको छ । रियल टाइम लोड सुविधा उपलब्ध भएसँगै डलर कार्डमा रकम लोड गर्न शाखामा गइरहनुपर्ने झन्झट अन्त्य भएको छ । भर्चुअल कार्ड जारी गर्दा सेवाग्राहीले पाँच सय रूपैयाँ शुल्क तिर्नुपर्छ भने नवीकरण शुल्क वार्षिक तीन सय रूपैयाँ तोकिएको छ । मोबाइल बैंकिङमार्फत टप–अप गर्दा भने कुनै शुल्क लाग्दैन । ई–कम डलर कार्डमार्फत वार्षिक अधिकतम पाँच सय डलरसम्म कारोबार गर्न सकिनेछ । सेवा लिन ग्राहकले 'ग्लोबल स्मार्ट प्लस' मोबाइल एप प्रयोग गरी सजिलै अनलाइन आवेदन दिन सक्नेछन् ।

### ● प्रोग्रेसिभ फाइनान्स एनपिएस–एनसिएस र नेपाल पे कार्डमा आबद्ध

प्रोग्रेसिभ फाइनान्स र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)बिच नेपाल पेमेन्ट स्विच (एनपिएस) र नेसनल कार्ड स्विच (एनसिएस) डोमेस्टिक कार्ड स्किम नेपाल पेको प्रिसिन्पल मेम्बरसिपका लागि सम्झौता भएको छ । सम्झौतापत्रमा फाइनान्सका प्रमुख कार्यकारी अधिकृत अनिल श्रेष्ठ र एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन् ।एनसिएचएलले हालै एनपिएस–एनसिएस पूर्वाधारको तयारी पूरा भएको घोषणा गरेको छ । बैंक, वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड जारी र प्राप्तिका लागि आफ्नो स्विच एकीकृत गर्न आग्रह गरेको थियो । त्यससँगै बैंक, वित्तीय संस्था नेपाल पेमा आबद्ध भइरहेका छन् । पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् प्रोग्रेसिभ फाइनान्सका ग्राहकले कार्ड इस्यु तथा अक्वायर गर्न सक्नेछन् । एनपिएस–एनसिएसलाई विभिन्न कार्ड स्विचबिच अन्तरआबद्धता कायम गर्दै डोमेस्टिक कार्ड कारोबारको राउटिङ र सेटलमेन्टका लागि सेन्ट्रल कार्ड स्विचका रूपमा स्थापना गरिन लागेको एनसिएचएलले जनाएको छ । उक्त प्रणालीको पूर्ण कार्यान्वयनपश्चात् डोमेस्टिक कार्ड कारोबारको लागत घटाउने, डेटा लोकलाइजेसन सुनिश्चित गर्ने र डिजिटल इकोसिस्टममा नवीनतम उपकरणको विकास तथा प्रवर्द्धन हुने अपेक्षा गरिएको छ । एनसिएचएलले ५४ भन्दा बढी बैंक तथा वित्तीय संस्था, पिएसओ, पिएसपी र सयभन्दा बढी गैरबैंकिङ सदस्यलाई विभिन्न राष्ट्रिय भुक्तानी प्रणाली सञ्चालन गरी सेवा प्रदान गर्दै आएको छ ।

### ● एनपिएस र नेपाल पे कार्डमा आबद्ध भयो बेस्ट फाइनान्स

बेस्ट फाइनान्स र एनसिएचएलबिच एनपिएस–एनसिएस तथा डोमेस्टिक कार्ड स्किम (नेपाल पे कार्ड)को प्रिन्सिपल मेम्बरसिपका लागि सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) बिएन घर्ती र एनसिएचएलका सिइओ नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरे । एनसिएचएलले हालै एनपिएस–एनसिएसको पूर्वाधारको तयारी पूरा भएको घोषणा गर्दै बैंक तथा वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड स्किम नेपाल पे कार्डका लागि आफ्नो स्विच इन्टिग्रेट गर्न आग्रह गरेसँगै बैंक तथा वित्तीय संस्थाहरू एनपिएस–एनसिएस र नेपाल पे कार्डमा आबद्ध भइरहेका छन् । नेपाल पे पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् बेस्ट फाइनान्सले ग्राहकका लागि उक्त कार्ड इस्यु तथा अक्वायर गर्न सक्नेछ । एनपिएस–एनसिएसलाई विभिन्न कार्ड स्विचहरूबिच अन्तरआबद्धता कायम गर्दै डोमेस्टिक कार्ड कारोबारको राउटिङ र सेटलमेन्टका लागि एक सेन्ट्रल कार्ड स्विचका रूपमा स्थापना गरिँदै छ ।

उक्त प्रणालीको पूर्ण कार्यान्वयनपश्चात् डोमेस्टिक कार्ड कारोबारको लागत घटाउने, डेटा लोकलाइजेसन सुनिश्चित गर्ने र डिजिटल इकोसिस्टममा नवीनतम उपकरणको विकास तथा प्रवर्द्धन हुने अपेक्षा गरिएको छ ।

### ● उद्योग वाणिज्य महासंघ र नेपाल विश्वविद्यालयबिच सहकार्य

उद्योग वाणिज्य महासंघ र नेपाल विश्वविद्यालयबिच शैक्षिक क्षेत्रको विकास तथा अनुसन्धानका क्षेत्रमा सहकार्य हुने भएको छ ।

विद्यार्थीलाई व्यावहारिक ज्ञान, सीप विकास र रोजगारीका अवसर प्रदान गर्नुका साथै उद्योग–व्यवसायको आवश्यकताअनुरूपको दक्ष जनशक्ति उत्पादन गर्न सकिने विषयमा दुवै निकायका प्रतिनिधिमण्डलबिच छलफल पनि भएको छ ।

### ● मञ्जुश्री फाइनान्स एनपिएस–एनसिएस र नेपाल पे कार्डमा आबद्ध

मञ्जुश्री फाइनान्स र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)बिच नेपाल पेमेन्ट स्विच (एनपिएस) र नेसनल कार्ड स्विच (एनसिएस) डोमेस्टिक कार्ड स्किम नेपाल पेको प्रिसिन्पल मेम्बरसिपका लागि सम्झौता भएको छ ।

सम्झौतापत्रमा फाइनान्सका नायब प्रमुख कार्यकारी अधिकृत पदम ठकुल्ला र एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन् । एनसिएचएलले हालै एनपिएस–एनसिएस पूर्वाधारको तयारी पूरा भएको घोषणा गरेको छ । बैंक, वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड जारी र प्राप्तिका लागि आफ्नो स्विच एकीकृत गर्न आग्रह गरेको थियो ।

त्यससँगै बैंक, वित्तीय संस्था नेपाल पेमा आबद्ध भइरहेका छन् । पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् मञ्जुश्री फाइनान्सका ग्राहकले कार्ड इस्यु तथा अक्वायर गर्न सक्नेछन् ।

### ● एनआइसी एसिया लघुवित्तको बजेट तर्जुमा तथा शाखा प्रमुख तालिम

एनआइसी एसिया लघुवित्तले आव ०८२/८३ को बजेट तर्जुमा तथा शाखा प्रमुख तालिम कार्यक्रम सम्पन्न गरेको छ । लघुवित्तले कोशी, मधेश, बागमती र गण्डकी गरी चार प्रदेशलाई समेटेर गरिएको कार्यक्रम १३ देखि १६ जेठसम्म होटेल विनायक र होटेल पावन मिथिला बर्दीबास, महोत्तरीमा सञ्चालन भएको थियो । कार्यक्रममा कर्पोरेट कार्यालय, प्रदेश कार्यालय, शाखा कार्यालयसमेतका एक सय ६९ जना कर्मचारीको सहभागिता रहेको थियो । संस्थाका स्वतन्त्र सञ्चालक बलराम पौडेल, प्रमुख कार्यकारी अधिकृत चोलराज शर्मा जोशी, नायब प्रमुख कार्यकारी अधिकृत मेसबहादुर बस्नेत, सहायक प्रमुख कार्यकारी अधिकृत गणेश घिमिरेलगायतले चालू आवको समीक्षा गर्दै आगामी आवमा संस्थाले गर्ने कामबारे आआफ्ना धारणा प्रस्तुत गरेका थिए ।

कार्यक्रममा कर्मचारीको वृत्ति विकास, शाखा सञ्चालन, राष्ट्र बैंकबाट जारी निर्देशन र सोको कार्यान्वयन, आगामी आवका लक्ष्य तथा बजेटलगायत छलफल चलेको थियो । साथै, सूर्यज्योति लाइफ इन्स्योरेन्स कर्पोरेट सेल्स विभागका कर्मचारीद्वय सरू घिमिरे र विकेश बज्रचार्यले बिमा दाबीसम्बन्धी जानकारी गराएका थिए ।

### ● रोल्पाको घर्तीगाउँ स्वास्थ्य चौकीलाई ज्योति विकासले दियो बेबी वार्मर

ज्योति विकास बैंकले रोल्पाको घर्तीगाउँ स्वास्थ्य चौकीलाई बेबी वार्मर उपकरण सहयोग गरेको छ । बैंकले नवजात शिशुको शारीरिक तापक्रमलाई सन्तुलनमा राख्न र हाइपोथर्मिया (अल्पताप)को जोखिमबाट जोगाउन आवश्यक बेबी वार्मर (न्यानो नानी) मेसिन प्रदान गरेको जनाएको छ ।

यसका साथै बैंकले स्याङ्जाको अर्जुनचौपारी र गुल्मीको पूर्तिघाटस्थित स्वाथ्य चौकीमा पनि सो उपकरण प्रदान गरेको छ । दुर्गम क्षेत्रमा सुरक्षित प्रसूति सेवाको आवश्यकतालाई मध्यनजर गर्दै बैंकले आफ्ना शाखा नभएका स्थानमा पनि बेबी वार्मर प्रदान गरेको जनाएको छ ।

बैंकले छुट्टाछुट्टै कार्यक्रम गरी बैंकका मार्केटिङ, ब्रान्डिङ तथा डिपोजिट सेल्स विभाग प्रमुख कुशलजंग अधिकारीले ती स्वास्थ्य चौकीका पदाधिकारीलाई बेबी वार्मर हस्तान्तरण गरे । साथै, अस्पतालका डाक्टर, नर्सलगायत सम्बन्धित कर्मचारीलाई विज्ञमार्फत बेबी वार्मर सञ्चालनसम्बन्धी विशेष तालिम पनि प्रदान गरिएको थियो ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत स्थापित 'हाम्रो विकास प्रवर्द्धन कोष'मार्फत यी तीनसहित हालसम्म देशभर ६२ वटा बेबी वार्मर मेसिन प्रदान गरिसकेको छ ।

### ● सिटिजन्स बैंक र डायमन्ड हिल रिसोर्टबिच समझदारी

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र काभ्रेपलाञ्चोकको पनौतीस्थित डायमन्ड हिल रिसोर्टबिच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा हस्ताक्षरपश्चात् सिटिजन्स बैंकका कार्डवाहक, प्रिभिलेज कार्डवाक र मोबाइल बैंकिङ ग्राहकहरूले डायमन्ड हिल रिसोर्टमा १५ प्रतिशत छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास लिएको बैंकले जनाएको छ । डिजिटल कारोबार गर्दा पाइने छुटसम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

### ● 'टेक एन्ड पे' को विषयलाई संशोधन गर्ने गरी छलफल भइरहेको छ : ऊर्जामन्त्री

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले बैंक तथा वित्तीय संस्थाले 'टेक एन्ड पे' को विषयलाई लिएर जलविद्युत् क्षेत्रमा लगानी नगर्नुपर्ने कुनै कारण नरहेको बताएका छन् ।

अपि पावर लिमिटेडको सहायक कम्पनी दार्चुला पावर कम्पनीले दार्चुलामा निर्माण गर्न लागेको मध्य चमेलिया (२८.३ मेवा) जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन समारोहलाई सम्बोधन गर्दै उनले बजेटमा राखिएको 'टेक एन्ड पे' को विषयलाई लिएर लगानी नगर्नुपर्ने कुनै कारण नभएको बताएका हुन् । 'बजेटमा 'टेक एन्ड पे' को शब्दले प्रवेश पाएपछि वित्तीय व्यवस्थापन कसरी होला भन्ने चिन्ता लिनुभएको होला, नआत्तिईकन लगानी गर्नुहोस्, उक्त प्रस्ताव ऊर्जा मन्त्रालयको होइन, सो प्रस्तावलाई संशोधन गर्न अर्थ मन्त्रालयसँग छलफल भइरहेको छ,' मन्त्री खड्काले भने ।

ऊर्जामन्त्री खड्काले सरकारले आगामी १० वर्षमा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको र उक्त लक्ष्यलाई पूरा गर्न निजी क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको बताएका छन् । 'उत्पादन गर्नुपर्ने स्रोत हामीसँग छ, बजार हामीसँग छ, लगानी किन नगर्ने ?' उनले भने ।

उनले छिमेकी मुलुक भारतसँगै नेपालले पहिलोपटक भारतीय प्रसारण लाइन हुँदै बंगलादेशलाई ४० मेगावाट विद्युत् निर्यात थालनी गरेको र आगामी दिनमा यसलाई झन् बढाउन सकिने बताए । भारतसँग छलफल गरेर बंगलादेशको प्रसारण लाइन पनि विस्तार गर्ने गरी सरकार लागिरहेको उनको भनाइ छ ।

### ● नेपाल र जिम्बाब्वेका निजी क्षेत्रबिच सहकार्यको आग्रह

नेपाल र जिम्बाब्वेका निजी क्षेत्रहरूबीच नियमित र सार्थक संलग्नताको माध्यमबाट आर्थिक विकासको लागि जोड दिइएको छ । एसियन इन्स्टिच्युट अफ डिप्लोमेसी एन्ड इन्टरनेसनल अफेयर्स (आइडा) द्वारा आयोजित दोस्रो नेपाल–जिम्बाब्वे आर्थिक साझेदारी गोलमेच बैठकमा सहभागीहरूले दुवै देशका निजी क्षेत्रलाई नजिक ल्याउन र सहकार्य गर्न नेपालका लागि जिम्बाब्वेका गैर आवासीय राजदूत स्टेला एनकोमोसमक्ष आग्रह गरेका हुन् । राजदूत स्टेला एनकोमोले सोमबार राष्ट्रपति रामचन्द्र पौडेल समक्ष आफ्नो ओहदाको प्रमाणपत्र पेश गरेकी थिइन् । सो अवसरमा नेपालका लागि जिम्बाब्वेकी गैरआवासीय राजदूत एनकोमोको स्वागत गर्दै आइडाका संस्थापक सुनिल केसीले २०१८ मा काठमाडौंमा आयोजित पहिलो गोलमेच बैठकको फलोअपले आगामी दिनहरूमा दुई देशका निजी क्षेत्रबिच संहकार्य बढ्ने आशा व्यक्त गरे । सहभागीहरूको प्रतिक्रियामा, राजदूत एनकोमोले जिम्बाब्वेमा लगानीका सम्भावनाहरू र दुवै देशबिचको निजी क्षेत्रको संलग्नताको सम्भावनामाथि प्रकाश पारिन् । उनले नेपाली व्यवसायीहरूलाई जिम्बाब्वेमा लगानी गर्न आमन्त्रण गर्दै आफ्नो सरकारले कर छुट दिएको तथा मुनाफा सजिलै फर्काउन सकिने व्यवस्था गरेको जानकारी दिइन् ।

## गृहमन्त्रीलाई...

र गृहमन्त्री लेखकले छानविन नसकिएसम्म पदबाट बाहिर रहनुपर्ने बताउँदै आएको छ । सरकारका अनुसार तत्कालिन मुख्य सचिव बैकुण्ठ अर्याल भ्रष्टाचार काण्डमा मुछिएर मुद्दा दर्ता हुँदा तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहालले राजिनामा नदिएको हुनाले गृहमन्त्री लेखकले कर्मचारीविरूद्ध अनुसन्धान हुँदा मन्त्रीले राजिनामा दिनुनपर्ने बताउँदै आएको छ ।

२०६४ पछि हालसम्म नेपाली कांग्रेसबाट कृष्ण प्रसाद सिटौला, विजयकुमार गच्छदार, विमलेन्द्र निधि, बालकृष्ण खाँण र हाल रमेश लेखक गृहमन्त्री रहेका छन् भने नेकपा एमालेबाट भीम रावल (एमाले परित्याग गरिसकेका) र वामदेव गौतम २ पटक गृहमन्त्री बनेका भएपनि अहिले उनले एमाले त्याग गरेका छन् ।

एमालेबाट रामबहादुर थापा (बादल), खगराज अधिकारी रहेका छन् माओवादी केन्द्रबाट नारायणकाजी श्रेष्ठ, कृष्ण बहादुर महरा, जनार्दन शर्मा र शक्ति बस्नेत रहेका छन् । खिलराज रेग्मी मन्त्रिरिषद्को अध्यक्ष रहेका बेला पूर्व मुख्यसचिव माधव घिमिरे गृहमन्त्री बनेका थिए तर उनको गाडी दुर्घटनामा परि निधन भएको छ भने रास्वपाका सभापति रवि लामिछाने पनि दुई पटक गृहमन्त्री बनिसकेका छन् अहिले उनी सहकारी ठगी प्रकरणमा पुर्पक्षका लागि जेलमा रहेका छन् ।

संघीय संसदको काम कारबाहीलाई अवरोध पुग्दा महत्वपूर्ण विधेयकहरू संसदबाट पारित हुन सकेका छैनन् भने सरकारले समेत भ्रष्टाचार नियन्त्रण गर्ने विधेयक, कर्मचारीसम्बन्धी विधेयक लगायत कतिपय महत्वपूर्ण विधेयक पारित गराउन सकेका छैन । माओवादी केन्द्रले कांग्रेस-एमालेको संयुक्त सरकार ढाल्ने प्रयास पहिला देखि नै गदै आएकोमा अहिले गृहमन्त्री लेखकलाई देखाएर कांग्रेस-एमालेको गठबन्धन तोडाउने प्रयास जारी राखेको छ ।

माओवादी केन्द्रका नेताहरू समेत भ्रष्टाचारमा मुछिएका भएपनि उनीहरूलाई माओवादीले राजिनामा गराएको छैन भने नारायणकाजी श्रेष्ठ गृहमन्त्री रहेका बेला भिजिट भिसा सम्बन्धी निर्देशिका परिवर्तन गरेर नयाँ निर्देशिका जारी गरेपश्चात् भिजिट भिसामा ठगी बढेको हो ।

## निषेधाज्ञा...

अन्य विभिन्न संगठनहरूले काठमाडौमा विरोध प्रदर्शन जारी राखेको बेला प्रशासनले दुई महिनासम्ममका लागि भन्दै निषेधित क्षेत्र घोषणा गरेको विज्ञप्तिमार्फत जानकारी गराएको छ । काठमाडौ जिल्लाका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले जेष्ठ १८ गते एक विज्ञप्तिामर्फत सो जानकारी गराएका हुन् । काठमाडौ जिल्लाको चक्रपथ र चक्रपथ भित्रका सार्वजनिक स्थानमा भेला भै अनशन, धर्ना, घेराऊ, जुलुस, प्रर्दशन तथा सभा लगायत विरोधका कार्यक्रम आयोजना गर्न नपाउने विज्ञप्ति मार्फत जानकारी गराएको छ ।

जनआन्दोलन समिति राप्रपा, राप्रपा नेपाल लगायतका संघ संगठनहरूले आन्दोलन गरिरहेको बेला उनीहरूका मागलाई सम्बोधन गर्नुको बदला सरकारले आम जनतालाई असहज हुने गरी निषेधाज्ञा जारी गर्नु आफैंमा हास्यास्पद रहेको छ । जनताले आवश्यक सेवा सुविधा पाउनुपर्ने जनताका समस्याहरू समाधान हुनुपर्ने लगायतका अन्य माग राखेर शान्तिपूर्ण रूपमा आन्दोलन गर्न पाउने जनताको अधिकार खोस्न सरकार लागि परेको जस्तो देखिएको छ ।

संविधानले राष्ट्र, राष्ट्रियता अखण्डता र जनतामा निहित सार्वभौमसत्ता बाहेक अन्य सबै कुरा परिवर्तनीय भएको उल्लेख गरिएको भएपनि त्यसलाई बन्देज लगाउन खोज्नु संविधानको उल्लंघन हो । जनताले चाहेको खण्डमा माथि उल्लेख गरिएको तीन विषय बाहेक अरू विषय सबै परिवर्तन हुन सक्छन् भन्ने हेक्का सरकारलाई होस् ।

## शेखर र...

र थापा लगायतका अन्य प्रभावशाली व्यक्तिहरू कोइरालाको पक्षमा रहेको खण्डमा देउवा पक्षबाट सभापतिका उम्मेदवार बन्ने व्यक्तिलाई निर्वाचन जित्न निकै मुस्किल पर्ने सम्भावना देखिएको छ । पूर्व गृहमन्त्री बालकृष्ण खाँण कस्को पक्षमा जान्छन् त्यसले पनि सभापतिको उम्मेदवारलाई असर पर्न सक्छ ।

देउवा पक्षबाट सभापतिको उम्मेदवारका लागि लालयित हुनेहरूको संख्या धेरै भएकाले देउवाले अहिले नै कसलाई समर्थन गर्दछन् भन्ने कुनै टुँगो लागि नसकेको भएपनि सभापति देउवाले आफ्नी श्रीमती आरजु राणा देउवालाई व्यवस्थापन गर्ने रणनीतिमा लागेका छन् । सभापति देउवा अहिलेकै राजनीतिक अवस्था कायम रहे अबको ११ महिनाछि प्रधानन्त्री बन्नेछन् त्यसबला शक्तिको दुरूपयोग गरी आफ्नो पक्षकै उम्मेदवारलाई सभापति बनाउन सक्ने प्रबल सम्भावना रहेको छ ।

देउवा पक्षबाट गोपालमान श्रेष्ठ, विमलेन्द्र निधि, कृष्ण प्रसाद सिटौला, विजय गच्छदार, पूर्ण बहादुर खडका लगायतका अन्य केही व्यक्तिहरू सभापतिका दाबेदार रहेका छन् । देउवाले यी मध्येका एकलाई सभापतिको उम्मेदवार बनाउँदा देउवा समूहभित्र गुटबन्दी हुन सक्ने अवस्था देखिन्छ भने पूर्व गृहमन्त्री रहेका र नक्कली भुटानी शरणार्थी काण्डमा फसेका वालकृष्ण खाँणपनि देउवासँग असन्तुष्ट रहेकाले उनी कोइराला समूहमा जान सक्ने सम्भावना समेत देखिएको छ । त्यही कारणले कोइराला र थापा एक हुन सक्छन् ।

## यसकारण...

ठुला भनिएका दलका नेतृत्वमा रहेका व्यक्तिहरूले अब राजनीतिबाट विदा लिनुपर्ने बताइरहेका भएपनि राजनीतिक दलका नेताहरू कांग्रेसका सभापति शेरबहादुरदेउवा अब कांग्रेसको विधानुसार सभापति बन्न पाउने छैनन् । एमालेका अध्यक्ष केपी ओली दुई पटक एमालेका अध्यक्ष रहिसकेका छन् भने माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल त करिब४० वर्षदेखि अध्यक्ष पदमै रहिसकेका भएपनि उनले राजनीतिबाट विदा हुने आफूले सोच्न सम्म नसकेको बताइसकेका छन् । एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, नेकपा एमालेको महासचिव रहिसकेको र अहिले एकीकृत समाजवादीका अध्यक्ष रहेकाले उनले राजनीतिबाट विदा लिने सौँच नै आफूले नबनाएको उद्घोष गरिसकेका हुनाले तत्कालै कुनै पनि दलको नेतृत्वले राजनीतिबाट विदा हुने सम्भावना कमै देखिएको छ भने कांग्रेसका सभापति शेरबहादुर देउवा भने कांग्रेसको १५ औं महाधिवेशनपछि पार्टी नेतृत्वमा नरहने पक्कापक्की रहेको छ ।

राजनीतिक परिवर्तन पछि पनि जनताले आफूले चाहेको सेवा सुविधा सहज रूपमा पाउन नसकेको, मूल्यबृद्धिले गर्दा जनताको जीवनस्तरमा कुनै परिवर्तन हुन नसकेको र दलगत स्वार्थले गर्दा जनता नै विभाजित अवस्थामा रहेकाले राजनीतिक दलहरूले डिभाईड एण्ड रूलको नीति लिएर भ्रष्टाचारीहरूलाई कुनै कानुनी कारबाही नगरी भ्रष्टाचारलाई बढवा दिने गरेको र ठूला ठुला भ्रष्टाचारका काण्डमा राजनीतिक दलका उच्च तहका नेताहरू नै संलग्न रहेको भएपनि उनीहरूमाथि कारबाही नभएको ललिता निवास जग्गा काण्ड लगायतका काण्डमा माधव नेपाल बाबुराम भट्टराईलाई उन्मुक्ति दिएका हुनाले गणतन्त्रमाथि नै प्रश्न उठेको छ ।

## अलपत्र...

२०८२ निर्माण गरिसकेको छ । अब मापदण्डका आधारमा त्यस्ता अस्पताललाई संघ सरकारले गर्ने जनशक्ति, औजार उपकरण, औषधी तथा रिएजेन्टस लगायतका अत्यावश्यक संशाधनको व्यवस्थापन गर्न मन्त्री पौडेलले कार्ययोजना तयारी अघि बढाएका छन् । यसका लागि मन्त्री पौडेलले मन्त्रालयका नीति योजना तथा अनुगमन महाशाखा प्रमुख डा कृष्ण प्रसाद पौडेलको संयोजकत्वमा कार्यदल गठन गरेका छन् ।

कार्यदलले संघ सरकारले गर्ने सहयोगबारे कार्ययोजना बनाउनुका साथै ती अस्पतालमा प्रदेश तथा स्थानीय तहको भूमिकाबारे समेत प्रष्टता ल्याउन सघाउनेछ । मन्त्रालयले यस्ता अस्पतालको निर्माण तथा सञ्चालनका लागि आगामी वर्षका लागि करिब एक अर्ब बजेट व्यवस्थापन गरेकाले अब आधारभूत अस्पतालहरू सञ्चालनमा सहजता आउने मन्त्रालयका प्रवक्ता डा। प्रकाश बुढाथोकीले बताए ।

## दाहाललाई...

अध्यक्ष दाहालले हालै नुवाकोटमा पुगेर एक कार्यक्रममा आफ्नो कार्यक्रम नै राजावादीहरूले विथोल्न खोजेको भन्दै जनतालाई त्यसका विरूद्ध जाइलाग्न निर्देशन दिएका थिए । अध्यक्ष दाहालले आफूले बोल्दाबोल्दै मलाई प्रश्न सोध्न खोजियो मलाई प्रश्न सोध्ने कसले अधिकार दियो भन्दै उल्टो प्रश्नकर्तालाई कुटपिट गरिएको थियो । राजावादीहरूले आक्रमण गर्दा पनि जाइलागेन भने त्यो वाइसिइएल हुन सक्दैन भन्दै वाइसिएललाई राजावादीहरूलाई तह लगाउन निर्देशन दिएका हुनाले माओवादी वास्तवमा के चाहन्छ भन्ने प्रष्ट भएको छ ।

## ओलीकै...

नै गण्डकी प्रदेश सरकारलाई राइड सेयरिङ नियमावली स्थगनका लागि पत्राचार गर्न सहमति भए पश्चात् सिन्डिकेट व्यूँताइएको हो । यातायात व्यवसायीहरूले गण्डकी प्रदेश सरकारले राइड सेयरिङ नियमावली स्थगत गरेको सूचना जारी गरेको खण्डमा मात्र यातायात सञ्चालन गर्ने अडान लिएका हुनाले सरकारले आफैँले ७ वर्ष अघि गरेको आफ्नो निर्णयबाट पछि हटेको छ ।

गण्डकी प्रदेश सरकारले निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चारपाँग्रे तथा दुईपाँग्रे सवारीले सार्वजनिक सवारी सरह यात्रु ओसार पोसार पनि गर्न सक्ने व्यवस्था गरेकोमा यातायात व्यवसायीहरूले सिन्डिकेट प्रदर्शन गर्दै गृह प्रशासनलाई ठाडै चुनौती दिएका थिए । त्यही कारणले गर्दा गत सोमबार छोटा र लामो दुरीका यातायात सञ्चालन भएनन् सडकमा बालबालिका विरामी यात्रुले सास्ती खेप्नु पऱ्यो । सार्वजनिक यातायातमा एकाधिकार तोड्न तत्कालिन केपी ओली सरकारले २०७५ वैशाख ४ मा सिन्डिकेट अन्त्य भएको घोषणा गरेको थियो । तर अहिले ओली नै प्रधानन्त्री रहेका बेला सिन्डिकेट व्यूँताइएको छ ।

## दलहरुकै कारण...

एकोहोरो राजावादीहरूलाई अनेक प्रकारका आरोप लगाउनुको बदला जनताको हितमा राम्रो काम गरेको भए जनता त्यसरी सडकमा जानुपर्ने आवशयकता नै थिएन ।

गणतन्त्रवादीहरूले हामीहरू नै देश हौं हामीले नै गणतन्त्र ल्याएका हौं भन्दै अर्को पक्षका विरूद्धमा जाने आरोप लगाएका र मुलुकलाई भ्रष्टाचारको जालोमा हालेको हुनाले गणतन्त्रमाथि नै प्रश्न उठेको छ । ठुला भनिएका राजनीतिक दलका शिर्ष नेताहरू लामो समयसम्म पदमा बसेका र उनीहरूको कार्यशैली जनताले देखिसकेका हुनाले उनीहरूमाथि प्रश्न उठेको हो । ठुला भनिएका नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रको नेतृत्वमा रहेका दलहरूले पटक पटक सत्ताको नेतृत्व गरिसकेका छन् भने कांग्रेसका सभापति शेरबहादुर देउवा ५ पटक, नेकपा एमालेका अध्यक्ष ४ पटक र माओवादी केन्द्रका पुष्पकमल दाहाल ३ पटक मुलुकको प्रधानमन्त्री रहिसकेका छन् । माओवादी केन्द्रका अध्यक्ष दाहाल त झण्डै ४० वर्षदेखि अध्यक्ष रहेका छन् ।

कांग्रेस, एमाले र माओवादी केन्द्रका शिर्ष नेताहरूले आ आफ्नो पार्टीमा नयाँ नेतृत्वको विकास नगरेको र आफ्नै पार्टीभित्र पनि पक्ष, विपक्ष जस्तो भएर पार्टी सञ्चालन गरिरहेका हुनाले जनताले उनीहरूले अब केही गर्न नसक्ने भन्दै नेतृत्व हस्तान्तरण गर्नुपर्ने आवाज उठाइरहेका भएपनि त्यसको वेवास्ता गरिएको र गणतन्त्रलाई देखाएर अरूलाई दवाउने काम भएकाले गणतन्त्रमाथि प्रश्न उठेको हो ।

नेताहरू नसुध्रिएको अवस्थामा गणतन्त्रको भविष्य नै संकटमा पर्ने सम्भावना बढ्दै गएको छ । राजनीतिक परिवर्तन पछि पनि जनताका जीवनस्तरमा कुनै सुधार नआएको भएपनि नेता र पार्टीका झोलेका जीवनस्तरमा सुधार आएको छ । जनताले आफूलाई आवश्यक पर्ने सेवा सुविधा सहज रूपमा पाउन सकेका छैनन् भने भ्रष्टाचारले गर्दा मुलुक नै संकटमा पर्ने अवस्थामा देखिएकोले अहिले जनता सडकमा आएका हुन् ।

# नेपालमा लम्बिन थाल्यो पर्यटकको बसाइ अवधि

काठमाडौं । नेपाल भ्रमणमा आउने विदेशी पर्यटकको बसाइ अवधि लम्बिन थालेको छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार सन् २०२४ मा प्रतिपर्यटक सरदर बसाइ अवधि १३.३० दिन पुगेको छ । सन् २०२३ मा पर्यटकको बसाइ अवधि १३.२० दिन थियो । यो औसत बसाइ अवधि पछिल्लो तीन वर्षयताकै बढी हो । यसअघि सन् २०२१ मा यस्तो बसाइ अवधि १५.५० दिन थियो ।

यो तथ्यांकमा स्थलमार्गबाट आएका भारतीय पर्यटकको आगमन संख्या समावेश छैन । मन्त्रालयअनुसार सन् २०२४ मा एक लाख २३ हजार ६ सय ११ जना स्थलमार्गबाट आएका थिए भने हवाईमार्गबाट १० लाख २३ हजार नौ सय ३७ जना भित्रिएका थिए । कुल ११ लाख ४७ हजार पाँच सय ४८ जना पर्यटक आगमन भएका थिए । सन् २०२३ को तुलनामा १३.०७ प्रतिशतले बढी पर्यटक नेपाल भित्रिएका हुन् ।



२०२४ मा विभिन्न देशबाट करिब साढे ११ लाख पर्यटक नेपाल घुम्न आएका थिए । यो संख्या अघिल्लो वर्ष २०२३ को तुलनामा १३ प्रतिशतभन्दा बढी हो । सन् २०२३ मा १० लाख १४ हजार आठ सय ८२ पर्यटक नेपाल भित्रिएको पर्यटन बोर्डको तथ्यांक छ । वर्षको अन्तिम महिना डिसेम्बरमा ९३ हजार पर्यटक नेपाल भित्रिएका छन् । विगतका वर्षको तुलनामा सन् २०२४ मा पर्यटक आगमन बढे पनि यो सरकारी लक्ष्यअनुसार भने होइन । सो वर्ष १२ लाख (सन् २०१९ भन्दा धेरै) पर्यटक नेपाल भ्रमणमा आउने सरकारको आकलन थियो । कोभिडअघि सन् २०१९ मा हालसम्मकै उच्च ११ लाख ९७ हजार एक सय ९१ पर्यटक नेपाल भित्रिएका थिए ।

२०२४ मा युरोपियन र अमेरिकी पर्यटक आगमन बढ्यो । तर, भारतीय र चिनियाँ पर्यटक आगमन उत्साहप्रद देखिएन । कोभिडपछि नेपाल भ्रमणमा आउने चिनियाँ अपेक्षित रूपमा बढ्न सकेका छैनन् । कोभिडअघि भारतपछि सबैभन्दा धेरै पर्यटक घुम्न आउने देशमा चीन दोस्रो थियो । तर, अहिले अमेरिकन पर्यटकले पछाडि पारेपछि चिनियाँ तेस्रो नम्बरमा छन् ।

सन् २०२४ मा पहिलो महिना जनवरीमा ७९ हजार एक सय, फेब्रुअरीमा ९७ हजार चार सय २६, मार्चमा एक लाख २८ हजार एक सय ६७, अप्रिलमा एक लाख ११ हजार तीन सय ७६, मेमा ९० हजार दुई सय ११, जुनमा ७६ हजार सात सय ३६, जुलाईमा ६४ हजार पाँच सय ९९, अगस्टमा ७२ हजार सात सय १७, सेप्टेम्बरमा ९६ हजार तीन सय पाँच, अक्टोबरमा एक लाख २४ हजार तीन सय ९३, नोभेम्बरमा एक लाख १४ हजार पाँच सय एक र डिसेम्बरमा करिब ९३ हजार (अनुमानित) पर्यटक नेपाल घुम्न आएका छन् ।


## नियमित रूपमा स्वास्थ्य जाँच गरौं ।

**नियमित स्वास्थ्य परीक्षण किन ?**

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

**त्यसैले,**

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,

**स्वस्थ्य र निरोगी बनौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार